छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com
वर्ष २४ •अंक ३६ •२०७८ साल असार ११ गते शुक्रवार (25 June, Friday, 2021) •पृष्ठ ८ •मूल्य रु. ५।-

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

### काँग्रेसलाई रोक्न मुद्दा

## प्रदेश २ को मन्त्रिपरिषद विस्तार विरुद्ध रिट

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रदेश २ को मन्त्रिपरिषद्विस्तारविरुद्धविहिवार उच्च अदालत जनकपुरधाममा रिट दर्ता भएको छ । प्रदेशको मन्त्रिपरिषद्समानुपातिकसमावेशी सिद्धान्त विपरीत रहेको भन्दै अधिवक्ता राजकुमार महासेठले रिट दर्ता गराएका छन् ।

प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतले पछिल्लो पटक मन्त्रिपरिषद पुनर्गठनगर्दा नेपाली काँग्रेसबाट तीन जनालाई मन्त्री बनाएका छन् ।राउतले थपेका मन्त्रीहरु समावेशी समानुपातिक नभएको भन्दै अधिवक्ता महासेठले रिट दायर गरेका छन् ।

मन्त्रिमण्डल गठन वा पुनर्गठन गर्दा समानुपातिक समावेशी सिद्धान्त बमोजिम मात्र गर्नु/गराउन भनी विपक्षीको नाममा परमादेश लगायत अन्य उपयुक्त आज्ञा-आदेश समेत जारी गरी पाउ भनी रिटमा उल्लेख छ ।

रिट निवेदनको अन्तिम कारबाही नभएसम्मका लागि नेपाली काँग्रेसबाट नियुक्त भएका भौतिक पुर्वाधार विकासमन्त्री रामसरोज यादव, उर्जा तथा खानेपानी विकासमन्त्री ओमप्रकाश शर्मा र महिला, बालबालिका, युवा तथा खेलकुदमन्त्री वीरेन्द्र प्रसाद सिंहलाई मन्त्रीको हैसियतमा कुनै किसिमको काम नगर्न/नगराउन भनी उच्च अदालत नियमावली २०७३ को नियम ४२ (१) बमोजिम तत्कालै अन्तरिम आदेशको माग महासेठले गरेका छन् ।

प्रदेशको मन्त्रिपरिषद् समानुपातिक समावेशी सिद्धान्त विपरीत रहेको भन्दै प्रदेश प्रमुख, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई विपक्षी बनाई रिट दर्ता गरिएकोछ ।

संविधानको धारा १ को उपधारा (२), धारा १८, धारा ३८ को उपधारा (४), धारा ४२ को उपधारा (१), धारा ४० को उपधारा (१), धारा ५६ को उपधारा (३), धारा १६८ को उपधारा (९), धारा १४४ र न्याय प्रशासन ऐन २०७३ को दफा ८ बमोजिम रिट दर्ता गरिएको अधिवक्ता महासेठले बताए ।

नेपालको संविधान २०७२ को धारा १६८ को उपधारा (९) मा प्रदेश प्रमुखले मुख्यमन्त्रीको सिफारिसमा प्रदेशसभाका सदस्यहरू मध्येबाट समानूपातिक समावेशी सिद्धान्त बमोजिम मुख्यमन्त्रीसहित प्रदेशसभाका कुल सदस्य संख्याको २० प्रतिशतभन्दा बढी नहुने गरी प्रदेश मन्त्रिपरिषद् गठन गर्ने व्यवस्था रहे पनि मुख्यमन्त्री राउतले जेठ २६ गते सोको प्रतिकुल हुनेगरि प्रदेशमा मन्त्री नियुक्त गरेको आरोप लगाइएकोछ ।

यस अघि प्रदेश २ को सरकार समावेशी नभएको भन्दै प्रदेश प्रमुख राजेश झाले मुख्यमन्त्री राउतलाई स्मरण पत्र लेखेका थिए ।

प्रदेश प्रमुख झाले प्रदेश २ मा मूलतः मधेसी मूलका नागरिकको बसोबास रहेको भएपनि गैरमधेसी पहाडी मूलका नागरिकको पनि उल्लेख्य बसोबास रहेको पत्रमा उल्लेख गरेका थिए ।

दलित गैरमधेशी तिलक परियारलाई हटाएर प्रधानमन्त्री केपी शर्मा ओलीको सिफारिसमा झा नियुक्त भएका हुन् ।उनले सुझाएका संविधानको भावनालाई स्वयं पालन नगरेको भन्दै प्रदेश सरकारका मन्त्री समेतले आलोचना गरेका थिए ।

प्रदेश सरकारमाथि परेको मुद्दामा अन्तरिम आदेश जारी गर्न नमिल्ने बताउँदै अधिवक्ता बिपिन कुमार झाले भने, यस्तो प्रकृतिको मुद्दामा अदालतले कारण देखाउ आदेश जारी गर्न सक्छ ।

NOVEL CORONA VIRUS (COVID-19)
सर्वसाधारणको लागि जनचेतनामुलक संदेश

नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरु
ज्वरो (१००.४ °F भन्दा माथि)
स्वास प्रस्वासमा अत्याधिक समस्या
रुघा र खोकी

नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरुलाई बचाउने ?
नियमित रुपमा साबुन-पानिले हात धुने ।
खोक्दा र हाछ्युं गर्दा नाक र मुख छोप्ने ।
फ्लु जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
फ्लु जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।
पशुजन्य मासु तथा अन्डा राम्रोसँग पकाएर मात्र खाने ।

नोबेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रूघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।

कोरोना भाइरस छिट्टै सम्पर्क हुने स्थानहरु
१. सिनेमाहल
२. अस्पताल
३. विद्यालय, कलेज
४. सपिङ मल
५. सार्वजनिक यातायात
६. वृद्धाश्रम
७. व्यवस्त गल्ली
८. सभा, जुलुस भएको स्थान
९. होटेल रेष्टुराँ
१०. तरकारी तथा मासु बेच्ने ठुला ठाउँहरु आदी ।

काम नपरे सम्म यस्ता स्थानहरुमाा नजाऔं, जान परेमा माक्स हेण्ड स्यानीटाइजर आदिको प्रयोग गरौं, घर फर्के पछि घर बाहिर वा अलग कोठामाा कपडा फेरेर तथा साबुन पानीले हात धोएर मात्र भान्सा, बैठक कोठामा जाने गरौं ।

कसरी सर्छ कोरोना भाइरस
१. खोक्दा, हाछ्यु गर्दा निस्कने र्‍याल, थुक तथा सिंगानबाट ।
२. फोहोर हातको सम्पर्कबाट ।
३. राम्रोसंग नपाकेको माछा तथा पशुपंक्षीहरुको मासुबाट ।
४. कोरोना भाइरसबाट प्रभावित व्यक्तिको संसर्गबाट ।

नोबेल कोरोना भाइरस मानव जातिमा पहिलो पटक चीनको हुवान प्रान्तमा ३१ डिसेम्बर २०१९ मा पहिचान भएको हो । यस भाइरसले सामान्य रुघाखोकी देखि गम्भीर प्रकारको तीव्र श्वासप्रश्वासको संक्रमण गराई मानिसको मृत्यु गराउन सक्छ । नेपाल यो रोग संक्रमणको उच्च जोखिममा रहेको हुँदा रोग फैलन नदिन व्यक्तिगत तवरमा सुरक्षाका उपायहरु अवलम्बन गर्न आम जनसमुदायहरुमा हार्दिक अनुरोध गर्दछौं ।

भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. २, जनकपुरधाम

कोरोनाभाइरस रोग (COVID-19)

कोरोनाभाइरस रोग प्रभावित स्थानबाट यात्रा गरी फर्किनु भएका यात्रुहरुले घर वा बासस्थानमा फर्केको दिनदेखि १४ दिन सम्म अपनाउनुपर्न अति आवश्यक क्रियाकलापहरु

स्वास्थ्य सेवा लिने बेला बाहेक अन्य समयमा आफ्नो घर वा बासस्थानमा नै बस्ने
स्वास्थ्य सेवाका लागि बाहेक अन्य समयमा घर वा बसेको स्थानबाट बाहिर नजाने। कार्यालय, विद्यालय वा सार्वजनिक स्थानमा नजाने। सार्वजनिक यातायात वा ट्याक्सीको प्रयोग नगर्ने।

परिवारका सदस्यहरुबाट आफूलाई अलगै राख्ने
घर परिवारका अन्य सदस्यहरू भन्दा छुट्टै कोठामा बस्ने र उपलब्ध भए सम्म छुट्टै शौचालय वा स्नानगृहको प्रयोग गर्ने।

घरायसी सामान एक अर्कासँग नसाट्ने
खाना खाएको भाँडा, गिलास, कप, काँटा चम्चा, रुमाल, तन्ना जस्ता सामग्रीहरु घरका अन्य सदस्यहरुसँग साटफेर नगर्ने । आफूले प्रयोग गरेका सबै सामग्रीहरु साबुन पानीले राम्ररी सफा गर्ने।

नियमित रूपमा हात धुने
नियमित रूपमा साबुनपानीले मिचिमिची २० सेकेण्ड सम्म हात धुने। साबुन पानी उपलब्ध नभएमा वा हात धेरै फोहोर नभएको भएमा अल्कोहल भएको स्यानिटाइजर पनि प्रयोग गर्न सकिन्छ। फोहोर हातले आफ्नो आँखा, नाक वा मुख नछुने।

मास्कको प्रयोग गर्ने
अन्य व्यक्तिसँग घरको एउटै कोठामा हुनुहुन्छ भने अनिवार्य रूपमा मास्क लगाउने र स्वास्थ्य परामर्शका लागि स्वास्थ्यकर्मीसँग हुनुहुन्छ भने पनि मास्क लगाउने। यदि तपाईले मास्क लगाउन सक्नुहुन्न भने तपाईसँगै रहेका अर्को व्यक्तिलाई मास्क लगाउन भन्ने।

खोक्दा वा हाछ्यूँ गर्दा नाक र मुख ढाक्ने
खोक्दा वा हाछ्यूँ गर्दा आफ्नो नाक र मुख ढाक्ने। त्यसपछि तुरुन्तै कम्तिमा पनि २० सेकेन्ड सम्म साबुन पानीले मिचिमिची हात धुने वा अल्कोहल भएको स्यानिटाइजर प्रयोग गर्ने।

आफूलाई देखा परेका लक्षणहरूको ख्याल गर्ने
यदि १४ दिन भित्र रुघाखोकी लाग्ने, घाँटी दुख्ने, १००.४ डिग्री Fahrenheit भन्दा बढी ज्वरो आउने, सास फेर्न गाह्रो महसुस हुने जस्ता लक्षणहरु देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गर्ने। यस्ता लक्षणहरु देखिएका बिरामीहरुले लगातार रुपमा मास्कको प्रयोग गर्ने। कोरोना भाइरस फैलिएको देशबाट आएको जानकारी स्वास्थ्यकर्मीलाई दिने (यसले अन्य व्यक्तिलाई कोरोना भाइरस रोग सर्नबाट बचाउन स्वास्थ्यकर्मीलाई सहयोग गर्दछ)

*कोरोनाभाइरस रोग सम्बन्धी थप जानकारीका लागि तपाईले स्वास्थ्य मन्त्रालयको hotline नम्बरहरु ९८५१२५५८३९ ,९८५१२५५८३७ , ९८५१२५५८३४ मा बिहान ८ बजे देखि बेलुकी ८ बजे सम्म सम्पर्क गर्न सक्नुहुन्छ।

खानेपानी तथा उर्जा विकास मन्त्रालय
प्रदेश नं. २, जनकपुरधाम

व्यक्तिगत स्वच्छताले नै परिवारलाई सुरक्षित राख्न सक्छ ।

दुरी कायम गर्दैमा आत्मियता घट्दैन ।

मास्क लगाउँदैमा परिचय बदलिदैन ।

किटाणु हुन सक्ने स्थान वा वस्तुहरू समय-समयमा सफा गरिरहेमा रोग लाग्दैन ।

२० सेकेण्ड सम्म मिचि मिचि हात धुनु नै कोभिड-१९ बाट बच्ने पहिलो उपाय हो ।

स्वच्छ परिवार सुखको आधार

कमला नगरपालिका
माची झिटकहिया, धनुषा, प्रदेश नं. २

# पोखरियाको बजेट ४६ करोड ३० लाख




**लालबाबु बानियाँ**

पोखरिया । पर्साको पोखरिया नगरपालिकाले आर्थिक वर्ष २०७८/०७९ को पाचौं नगरसभा नीति तथा कार्यक्रम सार्वजनिक भएको छ।

ज्येष्ठ नागरिक महिला सदस्य रब्या खातुनले उदघाटन गरेपछि नगरसभा सुरु भएको थियो । नगरसभाले ४६ करोड ३० लाख ८२ हजार बराबरको अनुमानित बजेट नगर उपप्रमुख सलमा खातुनले प्रस्तुत गरेकी छन् । नगर सभा कार्यक्रममा पोखरिया नगरपालिका मेयर दिपनारायण रौनियारले जनतासँग गरेको वाचा अहिले पनि अधुरै रहेको बताए।

अझै बाँकी रहेको काम छ महिनामा जनतासँग गरिएको वाचा पूरा प्रतिबद्धता जनाए । उनले राजनीतिक खिचातानीका कारण पोखरिया नगरपालिकाको बिकासमा समस्या भए पनि संघर्ष गर्दै नगरपालिकाका जनप्रतिनिधिहरु एकजुट भएर अगाडि बढने नगर प्रमुख रैनियारले जनाए।

पोखरिया जिल्लाकै दोस्रो सदरमुकामको रूपमा रहेको पोखरियाको समग्र विकासको लागि एकजुट भई अगाडि बढ्न आग्रह गरे। नगरसभाबाट कार्यक्रम बजेटमा पोखरिया नगरपालिकाको ४६ करोड ३० लाख ८२ हजारको बजेट नीति तथा कार्यक्रममा प्रस्तुत गरिएकोमा आन्तरिक स्रोत ५ करोड, समानिकरण अनुदानतर्फ ११ करोड ७५ लाख, सशर्त १९ करोड ८९ लाख, राजस्व बाडफाड ७ करोड १५ लाख, प्रदेश सरकारबाट वित्तिय समानिकरण ८० लाख ४४ हजार ,विशेष अनुदान ३० लाख ,समपुरक २० लाख, राजस्व बाडफाड ४० लाख ५२ लाख रहेको छ।

नगर सभामा स्वास्थ्य , शिक्षा, कृषि , पशु , पर्यटन, भौतिक पुर्वधार विकासमा , महिला बालबालिका उत्थान , ग्यास चुलो ,ग्यास सलेन्डर बितरण लगायतमा नगर प्रमुख रौनियारले विशेष जोड दिए।

नगरसभामा नगर उपप्रमुख खातुनले नगरपालिकाको विकासमा सबै जनप्रतिनिधिहरु मिलेर अगाडि बढन आग्रह गरिन्।

नगरसभा कार्यक्रममा वडाध्यक्ष बंका राउत कुर्मी, सुरेन्द्र यादव, अजय कुमार गुप्ता, लक्ष्मण साह कानु, उमाकान्त साह, शियानन्द चौहान, नन्दलाल पटेल, किशोरी साह, रामबाबु चौहान, सोनालाल साह गोढ, नगरकार्यपालिकाका सदस्य, अधिकृत बिजय झा, स्वास्थ्य संयोजक कौसलेन्द्र झा, आईटी अफिसर अरबिन्द दुबेदी, संदिप साह, बैजनाथ चौधरी, राजु रौनियार, कर्मचारीहरु, पत्रकार, सुरक्षाकर्मी लगायतको सहभागिता रहेको थियो। नगरसभा कार्यक्रम पोखरिया नगरपालिकाका मेयर दिपनारायण रौनियारको अध्यक्षतामा सम्पन्न भएको थियो।

# नीजि जग्गा मासेर सार्वजनिक दलान

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको विदेह नगरपालिका प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र विकासको बजेटमा व्यक्तिको नीजि जग्गामा जबरजस्ती सार्वजनिक दलान बनाउने प्रयास भएको छ। विदेह नगरपालिका-९ जागीटोलमा नीजि जग्गामा प्रदेश २ का भौतिक पूर्वाधार विकास मन्त्री रामसरोज यादवको निर्वाचन क्षेत्र विकास कार्यक्रमको रकमबाट सार्वजनिक दलान निर्माण गर्न लागिएको स्थानिय वीरेन्द्र सिंहले बताए।

जागी टोलस्थित कित्ता नम्बर ५५मा रहेको आफनो घर तोडेर सार्वजनिक दलान बनाउन लागेको स्थानीय वीरेन्द्र सिंहले आरोप लगाए।

जग्गामा मन्त्री यादवको संसदीय कोषको रकमबाट सार्वजनिक दलानका लागि १० लाख रुपैया छुट्याइएको छ। कित्ता नम्बर ५५ मा रहेको



नीजि पोखरी वर्षौदेखि भोगचलन गर्दै आएपनि सार्वजनिक पोखरी रहेको भन्दै हड्पन खोजेको र आफ्नो वासस्थानलाई समेत तोडफोड गरेर दलान निर्माण गर्न लागिएको सिंहले गुनासो पोखे।

कित्ता नम्बर ५५मा रहेको पोखरीको विषयमा विवाद बढ्दै जाँदा २०७३ सालमा सोही गाउँका उपेन्द्र यादव लगायतका व्यक्तिलाई विपक्षी बनाई मुद्दा समेत दिएका थिए । अदालतले पोखरी सहित कित्ता नम्बर ५५मा रहेको जग्गामा कुनै पनि निर्माण कार्य तथा तोड्न नहुने भन्दै निषेधाज्ञा समेत जारी गरेको थियो।

तर भौतिक पूर्वाधार विकास मन्त्री यादवको संसदीय कोषको रकमबाट आफ्नै नीजि जग्गामा सार्वजनिक दलान निर्माण हुन लागेको देखेर फेरी उच्च अदालत जनकपुरलाई फेरी गुहारेका छन। अदालतले फेरी निषेधाज्ञा जारी गरेपनिन अदालतको आदेशको अपहेलना गर्दै निर्माण कार्य जारी राखिएको सिंहले आरोप लगाए।

### नगरसभामा विवादै विवाद

# मिथिला नपामा तोडफोड

**टुडे समाचारदाता**

जनकपुरधाम। बिहीबार सबै स्थानीय तहले गाउँ/नगरसभा गरेको छ। धनुषाका अधिकांश स्थानीय तहले गरेको नगरसभा विवादित बन्यो । मिथिला नगरपालिकाको आठौं नगरसभा भइरहेका बेला नगरबासीले त टेन्ट नै तोडफोड गरे । यतिमात्र होइन्, राजमार्ग पनि अवरुद्ध पार् यो।

ट्रमा सेन्टरको विवादलाई लिएर ढल्केबरका जनता मेयर हरिनारायण महतोविरुद्ध केहिदिन अगाडीदेखि नै आन्दोलन गरिरहेका छन्।

बिहीवार नगरसभा भइरहँदा त्यहीँ पुगेर मेयर महतोविरुद्ध नाराबाजी गरे। तरपनि मेयरले वास्ता नगरेपछि उनीहरु तोडफोडमा उत्रेका थिए।

सरकारले मिथिला नगरपालिकाको ढल्केवरलाई तोकेर ट्रमा सेन्टर निर्माणका लागि बजेट विनियोजन गरेको छ। तर मेयर महतोले ट्रमा सेन्टर अन्यत्र सार्ने निर्णय गरेपछि ढल्केबरका जनता आन्दोलन सुरु गरेका छन् । उनीहरुले ढल्केबरमै ट्रमा सेन्टर निर्माण नभए जस्तोसुकै खालको आन्दोलन गर्ने चेतावनी दिएका छन्।

ट्रमा सेन्टर ढल्केबरमै निर्माण हुनुपर्ने भन्दै स्थानीय चन्देश्वर महतो र बुधेश्वर महतो संयोजकत्वमा ५१ सदस्य संघर्ष समिति समेत गठन गरेका छन्। उनीहरु मेयर महतोविरुद्ध चर्को नारा लगाउँदै पूर्वपश्चिम राजमार्ग पनि अवरुद्ध गरेपछि प्रहरीले बल प्रयोग गरेका थिए।

तीन दिनअगाडी नै नगरसभा सम्पन्न गरेका बिदेह नगरपालिकामा पनि विवाद उत्पन्न भएको छ।

स्थानीय राजनीतिक दललाई खबर नै नगरी गुपचुप तरिकाले मेयर बेचन दासविरुद्ध नेकपा एमाले र जनता समाजवादी पार्टीका नेता कार्यकर्ताले नाराबाजी गरेका थिए । नीति तथा कार्यक्रम समेत प्रस्तुत नगरी गरेको नगरसभा खारेजको माग समेत गरिएको छ।

# कलैया उपमहानगरपालिका बजेट १ अर्ब ६५ करोड ९६ लाख




**टुडे समाचारदाता**

कलैया । बाराको कलैया उपमहानगरपालिकाको सातौ नगरसभा बिहीबार सम्पन्न भएको छ।

मेयर राजेशराय यादवले उद्घाटन गरेको नगरसभामा आर्थिक बर्ष २०७८/०७९ को १ अर्व ६५ करोड ९६ लाख ७९ हजार रुपैयाको बजेट उपमहानगरपालिका उपप्रमुख रहिमा खातुनले प्रस्तुत गरेकी थिईन्।

शिक्षा, स्वास्थ्य, कृषि, खानेपानी, सिचाई, बाटोघाटो मर्मत, निर्माण, बिजुलीबती जडान, भौतिक निर्माणका अन्य कार्यहरु, मठमन्दिर, मस्जिद निर्माण, मर्मत लगायतका रचानात्मक कामहरु बजेटमा समेटिएको छ । कलैया उपमहानगरपालिकामा बाहय तथा भित्री पर्यटनलाई लोभयाउने गरि यहाँका पर्टयकीय स्थलहरुको बिकास गरि धार्मिक एवम् सांस्कृति महत्व बोकेको मन्दिर हरुको संरक्षण एवम सम्वर्द्धन गर्दै अगाडी बढाउने खालका बजेट समेत ल्याएको प्रमुख प्रशासकीय अधिकृत प्रल्हाद वर्णवालले जानकारी दिए।

स्थानिय सरकार भएको हुँदा नगरभित्रमा संचालन हुने संचारगृहहरुलाई जीवन्त राख्नका लागि पनि नगरपालिकाको भुमिका महत्वपुर्ण हुदाहुदै बजेट नराख्नु पत्रकार र संचारगृहहरुको वेवस्ता गरेको पत्रकारहरुले दुखेसो पोखे।

# जानकी मन्दिरलाई विश्व सम्पदामा सुचिकृत गराउन ज्ञापन

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रदेश २ का प्रदेश प्रमुख राजेश झा 'अहिराज'लाई जानकी मन्दिरलाई विश्व सम्पदाको सुचीमा सूचिकृत गराउन पहल गरिदिन गौ संरक्षण मंच नेपालले ज्ञापन पत्र बुझाएको छ।

पुरातात्विक हिसाबले परिपुर्ण रहेको कलात्मक कारिगरीबाट परापुर्वकालमा निर्माण भएको जानकी मन्दिर पौराणिक सम्पदा रहेकोले मन्दिरलाई जगेर्ना गर्दै विश्व सम्पदाको सुचिमा सुचिकृत गराउन पहल गरिदिन बिहिबार प्रदेश प्रमुखलाई ज्ञापन पत्र बुझाइएको गौ संरक्षण मंच नेपालका अध्यक्ष जगदीश महासेठले बताए।

जानकी मन्दिरलाई विश्व सम्पदा सूचीमा सुचिकृत गराउन विभिन्न निकायबाट पटक पटक पहल भएपनि सम्भव हुन नसकेकोले प्रदेश प्रमुखलाई समेत पहल गरिदिन ज्ञापन पत्र बुझाइएको महासेठले बताए । जानकी मन्दिरको जिर्णोद्धार तथा




सौन्दर्यीकरणको नाउमा पुरातात्विक अवशेषहरु लोप हुने खतरा रहेको ज्ञापन पत्रमा उल्लेख गर्दै मापदण्ड बिपरीत जानकी मन्दिरलाई आधुनिक तवरले सौन्दर्यीकरण गर्न रोक लागउन समेत गौ संरक्षण मंचले माग गरेको छ।

जानकी मन्दिरको आसपासमा विशाल भवनहरु निर्माण हुदा मन्दिरको सौन्दर्यीकरण छोपिएको भन्दै प्रदेश प्रमुखको ध्यानाकर्षण गराइएको छ।

# बटेश्वर गापाको बजेट ३६ करोड १५ लाख

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको वटेश्वर गाउँपालिकाले आर्थिक वर्ष २०७८/०७९ को लागि ३६ करोड १५ लाख ५० हजार ५ सय ७९ रुपैयाको बजेट प्रस्तुत गरेको छ।

बटेश्वर गाउँपालिका अध्यक्ष डम्वर बहादुर राउतको अध्यक्षतामा आयोजित सातौं गाउँ सभामा आ.व.२०७८/०८९ को बजेट प्रस्तुत गर्दै उपाध्यक्ष प्रमिला देवी महतो गाउँपालिकाले तय गरेको अभिलाषायुक्त, सपनायुक्त र महत्वकांक्षी बटेश्वर गाउँपालिका स्वच्छ सुन्दर समुन्नत गाउँपालिका भन्ने नारा अनुरुप निर्वाचित नेतृत्वबाट खुल्ला दिशा मुक्त गाउँपालिका लगायत सडकहरुको संघ प्रदेश र स्थानीय गरी लगभग २५ किलो मिटर यसै आ.व. मा सम्पन्न हुन लागेको बताइन्।

सडकहरुको स्तरोन्नती, गाउँपालिका सुशासन ब्यवस्थापन, वडा कार्यालयहरुबाट सेवा प्रवाह लगायतका सेवाहरु प्रभावकारी बनाउँदै स्थानिय सरकारको



अनुभुती दिलाउन सफल भई अव अरु संग तुलना नगरी संघिय सरकार र प्रदेश सरकाबाट प्राप्त अनुदान र आफनै आन्तरिक आयबाट स्थानिय सपेक्षतामा चौतर्फी रुपमा गुणात्मक फडको लिन भौतिक र संस्थागत पुर्वाधार तय गर्दै अपेक्षित रुपमा गाउँपालिकाको विकासकालागी सातौ गाउँसभा प्राविधिक रुपले उपयुक्त र सामाजिक रुपमा सन्तुलित एवं राजनैतिक रुपमा स्वीकार्य विकास प्राप्तीकालागी समन्वय कायम गर्दै विकासका गन्तव्य, प्राथमिकता चयन गनुपर्ने विशिष्ट अवस्थामा विभिन्न तर्जुमाका आधार तथा बजेटका प्राथमिकताहरु प्रस्तुत गरिन्।

सातौं गाउँसभामा उपस्थितहरुलाई गाउँपालिका अध्यक्ष राउत उपस्थित सबैमा धन्यवाद दिदैं हामी ठुलो सपना बोकेर अगाडी बढिरहेका छौं तोकेको समयमा गाउँसभा गर्नुपर्ने भएकोले टोलटोलमा छुटेका कामहरुको सूची अब आउने २० गते हुने बन्दसत्रमा समावेस गरी अगाडी बढने प्रतिवद्धता जनाए। कार्यक्रमा प्रमुख प्रशासकिय अधिकृत रुद्र नारायण यादव, वडाध्यक्ष, वडासदस्य लगायतका अतिथिहरुको उपस्थिती रहेको थियो।

# परोहा नपाको बजेट ४४ करोड ७५ लाख

**टुडे समाचारदाता**

गौर । रौतहटको परोहा नगरपालिकाको पाँचौ नगर अधिबेशनको उदघाटन सत्र विहिवार सम्पन्न भएको छ । अगामी आर्थिक वर्ष २०७८/०७९ को बजेट प्रस्तुत गर्नु पर्ने प्रावधान अन्तर्गत १० असाढमा स्थानीय तहहरुले बजेट प्रस्तुत गरेका हुन्।

नगर प्रमुख शेख वकिलले नगर पालिकाको विकासका लागि ४४ करोड ७५ लाख ६९ हजार २०६ रुपैयाको नीति कार्यक्रम प्रस्तुत गर्दै नगरपालिकाको शिक्षा, स्वास्थ्य, पूर्वाधार, कृषि, सामाजिक विकासमा जोड दिने भएका छन्।

नगर प्रमुख वकिलले सडक, विद्यालय निर्माण तथा कृषि उत्पादनमा केन्द्रित बजेट प्रस्तुत गरिएको बताए। नगरलाइ स्वच्छ , हरियाली समृद्ध नगर बनाउने उदेश्य भएको प्रस्ट पारेका छन्।

सबैको सहयोग र सहकार्यमा विकास निर्माणको कार्य सम्भव हुने भएकोले नगर पालिकाका विकासको लागि सवै निर्वाचित




जनप्रतिनिधिहरुले हातेमालो गर्दै अघि बढ्नुमा पर्ने जोड दिएका छन्।

विबाद मतभेदले नगरपालिकाको विकासमा नकारात्मक प्रभाव पर्ने भएकोले विकासको प्रतिस्पर्धा गर्नु पर्ने उनले बताए। कार्यक्रममा प्रदेश सभा सदस्य प्रत्यासी रामचन्द्र गिरीले नगरपालिकाका विकासमा सवैको सहयोग हुनु पर्ने सुझाव दिए।

प्रस्तुत गरिएको नीति कार्यक्रममा चालु तर्फ २४ करोड १३ लाख ३४ हजार २०६ कुल बजेटको ५३ दशमलव ९२ प्रतिशत तथा पुजीगत विकास तर्फ २० करोड ६२ लाख ३५ हजार रुपैयाँ कुल बजेटको ४६ दशमलव ०८ प्रतिशत रकम विनियोजन गरिएको छ।

यस्तै राजपुर नगरपालिका , इशनाथ नगरपालिका , माधव नारायण नगरपालिका फतुवा विजयपुर नगरपालिका , मौलापुर नगरपालिकाले पनि नगर सभाको अधिवेशन सम्पन्न गरेको छ।

## तपाईको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : भ्रमण अवसर हुने। |
| बृष | : धन बृद्धि सञ्चय। |
| मिथून | : नयाँ कार्य हुने। |
| कर्कट | : सुख समृद्धि हुने। |
| सिंह | : प्रेम प्रसंग, मित्र सुख। |
| कन्या | : पुरस्कार प्राप्त लाभ। |
| तुला | : प्रतिभा सम्पन्नता। |
| वृश्चिक | : शिक्षामा उन्नति। |
| धनु | : अवसर प्राप्त। |
| मकर | : बौद्धिक क्षमता। |
| कुम्भ | : वाद विवादबाट बच्नु। |
| मीन | : पारिवाहिक सुख। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५२००४४ |

| | |
|---|---|
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# तोकेको मुल्य भन्दा आधा मुल्य धान बेच्न बाध्य किसान

**रञ्जन यादव**

बारा। बारा लगायत तराईका किसानले उत्पादन गरेको चैते धानको मुल्य सरकारले तोकेको समर्थन मुल्य भन्दा झण्डै आधा कममा बिक्री गर्न बाध्य भएका छन्।

> **किसानलाई मोलमोलाई गरी कम मुल्यमा खरिद गर्ने ब्यापारीमाथि कार्वाही हुन नसक्दा सरकारको निर्णय कार्वान्वयन हुन सकेको छैन ।सरकारले तोकेको धानको समर्थन मुल्य २७ देखि २८ सय प्रति क्विन्टल रहेको छ ।**

किसानलाई मोलमोलाई गरी कम मुल्यमा खरिद गर्ने ब्यापारीमाथि कार्वाही हुन नसक्दा सरकारको निर्णय कार्वान्वयन हुन सकेको छैन ।सरकारले तोकेको धानको समर्थन मुल्य २७ देखि २८ सय प्रति क्विन्टल रहेको छ।

बाराका किसानहरुले प्रति क्विन्टल रु. १५०० देखि १६०० सम्म रहेको किसानहरुले बताएका छन् ।सो धानबाट निक्लेको चौपायालाई खुवाउने धानको ढुटोको मुल्य भने ३२ सय प्रति क्विन्टल रहेको छ झरीको मौसम भण्डारण र आर्थिक अभावका कारण किसानहरुले ब्यापारीले तोकेकै मुल्यमा धान दिन बाध्य बनेको डुमरवानाका किसान बलराम तिमल्सिना बताउँछन।

धानको मुल्य रु. १५०० देखि १६०० सम्म रहेको तिमल्सिनाले बताए ।सरकार र स्थानिय सहकारि हरुले किसानले उब्जाएको धानको मुल्य तोकेर बिचौलियाहरुलाई नियन्त्रण गरेमा किसानको समस्या समाधान हुने अर्का किसान भरत बहादुर बताउँछन ।बर्षायामको धान भण्डारण गर्न प्रमुख चुनौति रहेको र अन्य बाली लगाउन समेत रकम अभाव हुने गरेकाले किसानहरुले सस्तैमा दिन बाध्य हुने गरेको स्थानीय ब्यापारी बसन्त खडका बताउछन्।

मिलबाला र माथिका ब्यापारीले धानको मुल्य तोक्ने हुनाले मुल्य सरकारले तोकेको मुल्य भन्दा झण्डै आधा रकममा बिक्री गर्न किसानहरु बाध्य हुने गरेका छन् ।रासस

# मनराशिसवा नपाको बजेट ५० करोड १४ लाख

**टुडे समाचारदाता**

जनकपुरधाम । महोत्तरीको मनराशिसवा नगरपालिकाले आर्थिक वर्ष २०७८/०७९ को लागि ५० करोड १४ लाख १० हजार ८ सय ४० रुपैयाँको अनुमानित बजेट सार्वजनिक गरेको छ।

नगरप्रमुख संजय सिंहको अध्यक्षतामा बिहीबार भएको नगरपालिकाको सातौं नगरसभामा वडा नं. २ का वडाध्यक्ष विनोद कुमार साहले नीति तथा कार्यक्रम प्रस्तुत गरेका थिए। चालु तर्फ ३२ करोड १८ लाख १० हजार ८ सय ४० रुपैया बजेट विनियोजन गरिएको हो।

पुजिगततर्फ १७ करोड ९६ लाख बजेट छुट्टयाएको छ । नगरपालिकाले स्वास्थ्य, शिक्षा, कृषि क्षेत्रलाई प्राथमिकतामा राखेर बजेट ल्याएको नगर प्रमुख सिंहले बताए । कोरोना महामारीका कारण समयमा विकास निर्माणको कार्यहरु अगाडी बढाउन नसकिएपनि आउँदो आर्थिक वर्षमा द्रुत गतिमा पालिकाको चौतर्फी विकासका कार्यक्रमहरु अघि बढाउने प्रतिबद्धता नगरप्रमुख सिंहले जनाए।




नगरबासीको जीउधनको सुरक्षा गर्ने हाम्रो दायित्व छ, उनले भने-यसको लागि कुनै कसर बाँकी राखिदैन। नगरबासी स्वस्थ भए विकास निर्माण कार्यलाई अघि बढाउन सहज हुने विश्वास व्यक्त गर्दै उनले यसको लागि स्वास्थ्य सुरक्षालाई उच्च प्राथमिकतामा राखेको बताए। कोभिड विरुद्धको अभियानलाई अघि बढाउन नगरपालिकाको आउँदो आर्थिक वर्षमा पनि विभिन्न कार्यक्रमहरु गर्ने उनले बताए।

यसको लागि संघीय र प्रदेश सरकारसित समन्वय गरेर अघि बढने नगरप्रमुख सिंहले थपे। कृषि पेशामा निर्भर नगरपालिकाको किसानहरुको समस्यालाई मध्यनजर गरी विभिन्न कार्यक्रमहरु ल्याएको उनले जानकारी दिए। शिक्षा क्षेत्रमा आमुल सुधारको आवश्यक्ता औंल्याउँदै उनले यसको लागि सबैको सहयोग अपरिहार्य रहेको बताए। नगरपालिका भित्र रहेको विद्यालयहरुको स्तरोन्नती गरेर स्तरीय पठनपाठनको लागि हरसम्भव प्रयास गरिने उनको भनाई थियो । कार्यक्रममा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रणजित कुमार यादवले शुभकामना मन्तवय व्यक्त गरेका थिए । नगरसभामा जनप्रतिनिधिहरु, कर्मचारीहरुको उपस्थिति रहेको थियो।

# अवैध सुनसहित दुई युवक पक्राउ

लहान। सशस्त्र प्रहरीको टोलीले गए राति सिरहाको गोलबजारबाट स्रोत नखुलेको अवैध सुनसहित दुई युवकलाई पक्राउ गरेको छ।

सशस्त्र प्रहरी बेसक्याम्प गोलबजारबाट खटिएको टोलीले २०० ग्राम अवैध सुनसहित सिरहाको लक्ष्मीपुर पतारी गाउँपालिका-४ निवासी जीवछ्कुमार मण्डल र मोहम्मद साउद्दीन खानलाई पक्राउ गरेको हो।

गस्तीमा खटिएको प्रहरीलाई देखेर झोला र मोटरसाइकल छाडेर भागेपछि पछ्याउँदै दुवैलाई पक्राउ गरिएको सशस्त्र प्रहरी बेसक्याम्प गोलबजारका सशस्त्र प्रहरी निरीक्षक श्यामबाबु यादवले जानकारी दिनुभयो। पक्राउ परेको सुनसहित दुवैजनालाई आवश्यक कारवाहीका लागि जिल्ला भन्सार कार्यालय माडरमा बुझाइने प्रहरीले जनाएको छ।

**सडकमै धान रोपाइँ**

सडक मर्मतमा बेवास्ता गरेको भन्दै स्थानीय युवकहरुले सिरहाको धनगढीमाई नगरपालिका- १२ स्थित हिलाम्मे सडकमा धान रोपाइँ गरेका छन्।

पटकपटक जनप्रतिनिधिहरुलाई सडक मर्मतका लागि आग्रह गर्दासमेत मर्मत नगरिएको भन्दै युवाहरुले बुधबार साँझ साङ्केतिक विरोधस्वरूप सडकमै धान रोपाइँ गरेका हुन्।

नगरप्रमुख हरिनारायण चौधरी र वडा नं १२ का वडाअध्यक्ष राजु श्रेष्ठलाई जीर्ण सडक मर्मतका लागि पटकपटक आग्रह गरे पनि वेवास्ता गर्दै आएकाले सडकमै धानको बीउ रोपेर विरोध जनाएको स्थानीय युवा रामकुमार महतोले जानकारी दिनुभयो।

करिब ४०० मिटर सडक कालोपत्रे गर्नका लागि बाटो बन्द गर्न खाल्डो खनिएको थियो। सो खाल्डो त्यतिकै छाडेपछि हिलो जमेर सडक नै अवरुद्ध भएको स्थानीयवासीले बताएका छन् ।रासस

# लक्ष्मीनिया गाउँपालिकाका उप-मेयर ईन्द्रकला देवी यादवले प्रस्तुत गरेको नीति तथा कार्यक्रमको पुर्णपाठ

## गापाको कुला बजेट ३४ करोड १८ लाख ४७ हजार

आदरणीय सभा अध्यक्षज्यू, सभासदज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू, कर्मचारीहरु, सुरक्षाकर्मीहरु तथा सम्पूर्ण लक्ष्मीनियाँ गाउँपालिका बासिहरु तथा उपस्थित महानुभावहरु

नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकतालाई आत्मसात गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको माध्यमबाट दीगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न नेपालको संविधान २०७२ र स्थानिय सरकार संचालन ऐन २०७४ को अधिकार प्रयोग गरी आज म लक्ष्मीनिया यस सम्मानीत गौरवशाली सभामा आ.ब २०७८/७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म एकदमै हर्षित महशुस गर्दैछु । अब म सम्मानीय सभाध्यक्षज्यूबाट नीति तथा कार्यक्रम प्रस्तुतिकरणको लागि अनुमति चाहन्छु।

१ **सोंच** :
"समृद्ध लक्ष्मीनिया गाउँपालिका र खुसी लक्ष्मीनिया गाउँपालिकावासी" सहितको सवल स्थानिय सरकार।

२ **लक्ष्य**:
लक्ष्मीनिया गाउँपालिकाको भौतिक, आर्थिक, सामाजिक तथा सांस्कृतीक सुचकहरु उच्चतम रुपमा हासिल गर्दै आगामी वर्ष भित्र लक्ष्मीनिया गाउँपालिकामा अधिकतम शहरी सुविधा वृद्धि गर्ने।

३ **उदेश्य** :
गाउँपालिकाको सवल भौतिक पुर्वाधार निर्माण गरि आत्मनिर्भर आर्थिक परिचालन गर्दै सामाजिक तथा सांस्कृतिक रुपान्तरण गर्नु।

४ **अपेक्षित उपलब्धी** :

- आर्थिक, सामाजिक, भौतिक पूर्वाधारको विकास भई जनताको जिवन स्तरमा सुधार
- कोरोना भाईरसको महामारी नियन्त्रण तथा निर्मुलन
- शिक्षा, स्वास्थ्य, कृषि, पशु लगायत सम्पूर्ण सार्वजनिक सेवाको गुणस्तरमा वृद्धि,
- अनुगमन मूल्याङ्कन प्रभावकारी हुने र
- जनताले लोकतन्त्र तथा स्थानीय सरकारको लाभ तथा सेवाहरु प्रत्यक्षरुपमा अनुभूत गर्न सक्ने।

५ **प्रमुख नीति तथा आधारहरु**

५.१ **समग्र नीतिहरु**

- कृषि क्षेत्रको आधुनिकिकरण तथा व्यवसायिकिकरण, पर्यटन, साना तथा मझौला व्यबसायको विस्तार मार्फत प्रति व्यक्ति आयमा वृद्धि गरिने,
- कोभिड १९ को संक्रमणलाई नियन्त्रण गर्न जनचेतना, कोरेन्टाईन तथा आसोलेसन व्यबस्थापन गरिने
- वस्तीमा भएका सवै मुख्य मुख्य सडक पि. सि.सि. डलान, इन्टरनेट सेवाको विकास, प्रत्येक वडामा सार्वजनिक भवन तथा सार्वजनिक कार्यालयहरु तथा विद्यालयहरुको भवन निर्माण, बैकल्पिक उर्जा विकास गरिने,
- जेष्ठ नागरिक, बालबालिका, महिला, दलित, अपाङ्ग लगायतका लक्षित वर्गको सामाजिक सुरक्षा तथा विकास, मानव अधिकार, लैङ्गिक समानता, समावेशिकरणका लागि विशेष कार्यक्रमहरु गरिने,
- सार्वजनिक जमिनमा वृक्षारोपण, फोहर मैला व्यबस्थापनको माध्यमबाट वातारण संरक्षण गरिने,
- सुचना प्रविधिको अधिकतम विकास तथा प्रयोग गरी पारदर्शि र उत्तरदायि शासन व्यबस्था, जनता मैत्री सार्वजनिक सेवा गर्दै सुशासन प्रबर्द्धन गरिने।

५.२ **क्षेत्रगत नीतिहरु**

५.२.१ **आर्थिक क्षेत्र**

- आधुनिक व्यवसायिक तथा वातावरण मैत्रि कृषि प्रणली अबलमन गरिने छ।
- कृषि तथा पशुपालन शैक्षिक जनशक्ति परिचालन गरी वेरोजगार युवालाई प्रोत्साहन गरिने छ। कृषकलाई कृषि तथा पशुपालनमा आत्म निर्भर बनाउनलाई उच्च स्तरीय तालिम, अनुदान, सिचाईको व्यवस्था तथा उदाहरणिय कृषि फारमको अबलोकन भ्रमण गराईने छ।
- किटनाशक औषधीको प्रयोजनलाई निरुतसाहित गर्दै अर्गनिक उतपादनलाई प्रोत्साहन गर्ने,
- कृषकको खेत घर तथा फार्म मै प्राविधिक सेवा उपलवध गराईने छ। कृषकको उतपादनलाई उचित मुल्यमा जोड दिईने छ।
- कृषकको उतपादनलाई उचित मुल्य दिलाउन सहकारीलाई प्रोत्साहन दिनुका साथै कृषि बजारको पूर्वाधारमा जोड दिईने छ।
- नेपालको सबै भन्दा गहिरो गाउ तथा राजा जनकको फुलबारी भएको ठाउको रुपमा यो गाउँपालिका प्रसिद्ध छ । आन्तरिक तथा वाहय पर्यटकलाई आकर्षित गर्नको लागी महत्वपूर्ण मठ ,मन्दिर ,मस्जीत ,पोखरीहरुको सौन्दरिकरण गरिने छ।
- पिकनिक स्पोट , बगैचा, फन पार्क लगायत पर्यटकलाई आकर्षित गर्ने पूर्वाधार निर्माणमा जोड दिइने छ।
- उधोग तथा वाणिज्यलाई लागत सहभागिताको आधारमा गरीव ,विपन्न तथा बेरोजगारलाई आर्थीक तथा प्राविधिक सहयोग दिने कार्यक्रम ल्याउने छ।
- वैदेशिक रोजगारवाट फर्केर आएका व्यक्तिदाई सिप क्षमता तथा अनुभवकको उपयोग गरिने छ।

५.२.२ **सामाजिक क्षेत्र**

**शिक्षा**

- विघालयको भौतिक पूर्वाधार विकास अन्तगर्त आवश्यकता अनुसार प्रत्येक विधालयमा भवन, खानेपानी तथा शौचालय, कम्पाउण्डवाल, विधुत्तिकरण, ईन्टरनेट सेवा, रंगरोगन, फनिचर, खेल मैदान तथा गार्डेनमध्ये एउटा संरचना निर्माण गरिनेछ।
- हरेक वडाका १/१ वटा माध्यमिक विद्यालयहरुलाई श्रोत सम्पन्न नमुना विद्यालयको रुपमा विकास गरिनेछ
- हरेक वडाका २/२ वटा बाल बिकास केन्द्रहरुमा बालमैत्री पूर्बाधार थप गरी आधुनिक किन्डर गार्डेनको रुपमा बिकास गरिनेछ।
- हरेक वडाको एउटा माध्यामिक विद्यालयमा इन्टरनेट सुविधा उपलब्ध गराई १/१ वटा Distance Learning Center तथा श्रब्यदृष्य कक्षहरु को स्थापना गरिनेछ।
- जिल्लामा उपलब्ध एफएम रेडियोहरुसँग समन्वय गरि आधारभूत तहसम्मका विभिन्न कक्षाको पठनपाठन शुरुवात गरिनेछ। रेडियोको पहुँच नभएका विद्यार्थीहरुलाई रेडियो वितरण गरिनेछ।
- गाउँपालिकामा एउटा १२ कक्षासम्म विज्ञान विषय पठनपाठन हुने उच्च माध्यमिक विद्यालय स्थापनाका लागि आवश्यक तयारी अघि बढाइनेछ।
- विद्यालयहरुको बिषयगत नतिजा सुधार गर्न शिक्षकहरुलाई Subject Teaching methods Training को व्यबस्था मिलाइनेछ।
- आफ्नो बिषयमा राम्रो रिजल्ट ल्याउने विषयगत शिक्षकहरुलाई पुरस्कारका साथै निश्चित प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ।
- प्राबिधिक शिक्षा अध्ययन गर्न चाहने बिद्यार्थीहरुलाई आंशिक छात्रबृत्ति उपलब्ध गारइनेछ। यसका लागि शैक्षिक बिकास कोष स्थापना गरिनेछ।
- विद्यार्थी अत्यन्त न्युन भएका विद्यालयहरुलाई नजिकका विद्यालयहरुमा गाभिनेछ।
- अगामी वर्ष भित्र पुर्ण साक्षर गाउपालिका घोषणा गर्ने गरि साक्षरता अभियान संचालन गरिने छ। किशोरी शिक्षा, प्रौढ शिक्षा जस्ता अनौपचारी शिक्षामा जोड दिइने छ।
- समुदायिक विद्यालयहरुलाई अनुगमन तथा सरोकारवाला संग छलफल गरी गुण्सतरीय शिक्षा सेवाको लागी आवश्यक कार्यक्रमहरु गरिने छ।
- अति विपन्न दलित बालबालिहरुलाई शिक्षामा पहुँचको लागि बिशेष कार्यक्रम ल्याइने छ ।
- गाउँपालिका स्तरीय पुस्तकालयको ब्यवस्था गरिने छ।
- शिक्षा जीवनको आधारलाई ह्रदयङ्ग गराउनको लागि विद्यालय तथा क्यामपसहरुलाई उत्प्रेरण मुलक कक्षाहरु संचालन गरिनेछ।
- गाउँपालिका भित्रमा नमुना विद्यालय स्थापना गरिनेछ।

**स्वास्थ्य**

- कोभिड १९ संक्रमण भई उपचार गराईएका कर्मचारीहरुलाई कार्यापालिकाको निर्णय बमोजिम तथा कोभिड संक्रमित भई मृत्यु भएका नागरिकाको नातेदारलाई क्रिया खर्च वापत एकमुष्ट २५,००० उपलब्ध गराईनेछ।
- गाउँपालिका स्तरमा अस्पताल स्थापनाका लागि उपयूक्त स्थानको खोजी गरि नेपाल सरकार मार्फत भवन तथा पूर्वाधार निर्माण गरिनेछ।
- स्वास्थ्य चौकीहरुको व्यवस्थापन नियमावली तर्जुमा गरि अनुगमन व्यवस्था प्रभावकारी बनाइने छ। प्रत्येक स्वास्थ्य चौकीमा आधारभूत प्रयोगशाला स्थापना गरिनेछ।
- ६० बर्ष माथिका बृद्धबृद्धालाई घरमै गई नियमित स्वास्थ्य जाँच गर्न "घर घरमा स्वास्थ्यकर्मी" कार्यक्रम सञ्चालन गरिनेछ।
- गृहिणीहरुलाई बालबालिका हेरचाह र स्वस्थ आहार सम्बन्धी आधारभूत तालिम दिइनेछ।
- गम्भीर रोगको उपचार खर्च अभाव हुन नदिन गाऊँमै वसोबास गर्ने वासिन्दाहरुको लागि अनिवार्य स्वास्थ्य विमा कार्यक्रम सञ्चालन गरिनेछ।
- वर्षमा १ पटक हरेक वडामा विशेषज्ञ डाक्टर सहित स्वास्थ्य शिविर सञ्चालन गरिने र स्वास्थ्य चौकीहरुमा नियमित विशेषज्ञ सेवा प्रदान गर्न साप्ताहिक टेलिमेडिसिन कार्यक्रम चलाइनेछ।
- स्थानीय जडिबुटी र आदिवासी ज्ञानलाई प्रबर्द्धन गरी परम्परागत स्वास्थ्य उपचार विधिको प्रवर्द्धन र योग तथा प्राणायामलाई अभियानको रुपमा सञ्चालन गरिनेछ।
- निशुल्क औषधी वितरण कार्यलाई नियमित र पारदर्शी बनाइनेछ । प्रसुती गृह तथा मेडिकल ल्याबको स्थापना तथा संचालन गरिनेछ।
- आधुनिक सुविधा सम्पन अस्पतालको लागी विशेष पहल गरिने छ।
- न्यूनतम खर्चमा गाउपालिका वासीलाई एमबुलेन्स सुविधा उपलब्ध गराईने छ।
- प्रत्येक गाउँपालिका वासीको स्वास्थ्य अवस्था जाँचका लागी स्वास्थ्य शिविरहरु संचालन गरिने छ।
- स्थानीय भाषा ,संस्कृति तथा ईतिहासको संरक्षण तथा सम्बद्धन तथा विभिन्न अनुसन्धान तथा खोजमूलक कार्यक्रम गरिने छ।
- वाढी प्रभावित क्षेत्रमा स्वच्छ खानेपानी आपुर्तिका लागी अभरहेड टयाङ्क निर्माण कार्य गरिने छ।

**लैङ्गिक समानता र समाजिक समावेशी**

- महिला सशक्तिकरण , लैङिक असमानता तथा महिला हिंसा न्युनिकरणका लागी विशेष कार्यक्रम गरिने छ।
- बालमैत्री स्थानीय शासन तथा अपाङ्ग मैत्री भौतिक संरचना निर्माणमा जोड दिईने छ।
- जेष्ठ नागरिकको सामाजिक पहिचान एंवम सामाजिक सुरक्षामा जोड दिने छ।
- निजामति सेवा प्रति आकर्शन बढाउनकालागी माधमिक तहका अवल विद्यार्थीहरुलाई प्रोत्साहन गर्नको लागी लोक सेवा आयोगका कक्षाहरु संचालन गरिने छ।
- दलित तथा पिछडिएका वर्गको हक हितको प्रबर्द्धन एंवम निर्णय प्रकृयामा सहभागीता अभिवृद्धि गर्नको लागी सशक्तिकरण तथा चेतना मुलक कार्यक्रम संचालन गरिने छ।

५.२.३ **पूर्वाधार तथा संरचना विकास**

- ल गा.पा.क्षेत्र भित्रका मुख्य मुख्य सडकहरु पक्की गर्ने कार्यलाई प्राथमिकता दिईने छ।
- पूर्वाधारका कार्यक्रम संचालन गर्दा अपाङ्गमैत्री , वालमैत्रि, वातावरण मैत्री अवधारणा अबलम्बन गरिने छ।
- गा.पा.को सवै वडाहरुमा ठुला योजनाहरु सडक, खानेपानी, सिचाई एंवम अन्य पूर्वाभार निर्माणको डि.पि.आर.तयार गरिनेछ।
- आवधिक गाउँ विकास योजना Village Development Planning, भु-उपयोग योजना , प्रकोप व्यवस्थापन योजना , भवन निर्माण मापदण्ड, सार्वजनिक यातायात गुरुयोजना एंवम महत्वपूर्ण योजनाको डि.पि.आर. तयार गरी कार्यान्वयनमा ल्याईनेछ।
- ऐतिहासिक एवं धार्मिक ,सांस्कृतिक महत्वका पोखरीहरुलाई पर्यटकीय क्षेको रुपमा विकास गरिनेछ।
- गाउँपालिका क्षेत्र भित्रका अधुरा र क्रमागत योजना पूरा गर्ने कार्यलाई पहिलो प्राथमिकता दिईनेछ।

५.२.४ **वातावरण तथा विपद् व्यबस्थापन क्षेत्र**

- हरेक वडालाई धुवाँमूक्त बनाउन धुवाँरहित सुधारिएको चुल्हो तथा विधुतिय चुल्होको प्रयोगलाई प्रोत्साहित गरिनेछ।
- सडक किनारामा भूक्षयलाई रोक्दै आर्थिक लाभ समेत लिन छिटो हुर्किने विरुवाहरु रोपी त्यसको संरक्षण र उपयोग गर्न सम्बन्धित क्षेत्रका स्थानीय समुदायलाई परिचालन गरिनेछ।
- जग्गा बाँझो राख्ने कार्यलाई निरुत्साहित गर्न खाली जग्गाका सर्वेक्षण र माटो परीक्षण गरी जमिनको प्रकृति अनुसारको भुउपयोग नीति अवलम्बन गरिनेछ।
- बातावरण संरक्षण तथा सम्बर्धनको लागी खुला क्षेत्रमा बृक्षारोपन कार्यक्रम गरिने छ।
- प्लाष्टीकको जथाभावी प्रयोग लाई निरुतसाही गरिने छ।
- आधुनिक प्रयोगबाट फोहरमैलाको व्यवस्थापन गरिने छ।
- बाढीको जोखिमलाई न्यूनिकरणको लागी कुकुरधरि नदि ,सिमरा नदि तथा पैनिहरु लाई पुणः उतखन्न गरिने छ।
- बाढीको जोखिममा रहेका विपन्न बस्तीहरुलाई सुरक्षित स्थानमा सारिने छ।

५.२.५ **संस्थागत विकास तथा सेवा प्रवाह**

- अगामी आ.व बर्ष भित्रमा गाउँपालिका भित्र वाई फाई जोन स्थापना गरि डिजिटल लक्ष्मीनिया गाउँपालिका धोषण गरिनेछ।
- बिद्युतिय हाजिरी मेसिन, डिजिटल नागरिक वडा पत्र तथा गाउँपालिका भित्र संचालित हुने योजना तथा कार्यक्रमहरुका बारेमा डिजिटल सूचना बोर्डबाट नागरिकलाई सु सुचित गरिने छ।
- अनलाईन धटना दर्ता प्रणालीलाई निरन्तरतत्र दिने छ।
- सेवा प्रवाहमा सहजता ल्याउनको लागी गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरुमा पर्याप्त फर्निचर, कम्प्यूटर, स्वच्छ खानेपानी, टेलिभिजन, वाई फाई, प्रतिक्षालय, नागरिक वडापत्र, सहायता कक्ष जस्ता सेवा प्रवाहका आधुनिक मुल्य मान्यताहरुलाई अबलम्बन गरिने छ ।
- कर्मचारी, पदाधिकारीहरुको क्षमता विकासका लागी तालिमहरु संचालित गरिने छ ।

**यूवा तथा खेलकुद**

- गाऊँपालिकास्तरमा उपयुक्त स्थानको खोजि गरि १ रंगशालाको निर्माण गरिनेछ भने हरेक वडाहरुमा १/१ वटा खेलकुद मैदान निर्माण गरिनेछ।
- गाऊँपालिका स्तरीय वार्षिक खेलकुद महोत्सव आयोजना गरिनेछ।
- यूवाहरुलाई सकारात्मक सोंच र सुनौलो भविश्यको भावना जागृत गराउन क्यारियर काउन्सिलीङ कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- गाउँपालिका स्तरमा खेलकुदको विकास, विस्तार गरि नियमित खेलकुद आयोजना गर्न खेलकुदको विषयगत क्लवहरु स्थापना गर्न प्रोत्साहित गरिनेछ।

५.२.६ **वित्तिय व्यबस्थापन तथा सुशासन**

- पारदर्शिता तथा उत्तरदायित्व अभिबृद्धिको लागी सार्वजनिक सुनवाई सामाजिक लेखापरिक्षण तथा निरन्तर सुचना प्रवाह जस्ता उपायहरु अबलम्बन गरिने छ ।
- बिकास प्रक्रियामा सरोकारवाला तथा लक्षित वर्गको अर्थपूर्ण सहभागितामा जोड दिने छ।
- बिद्युतिय लेखा प्रणाली अबलम्बन गरि समय मै प्रतिवेदन दिने, लेखापरिक्षण गराउने, आन्तरिक नियन्त्रण प्रणाली प्रभाबकारी बनाउने जस्ता कामहरु गरि वित्तिय अनुशासन कायम गरिने छ।

**धन्यवाद ! जय मधेस ! ! जय नेपाल ! ! !**





अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# पदका गरिमा रहन देउ

प्रधानमन्त्री केपी शर्मा ओलीले मन्त्रीबाट मुक्त भएकाहरुलाई सरकारी निवास खाली नगर्न र झण्डा छोपेर गाडी चढन सुझाव दिएका छन् । सर्वोच्च अदालतले असंवैधानिक प्रकृयाबाट मन्त्री बनेकाहरुलाई संवैधानिक प्रकृयाबाट पदमुक्त गरिदिएपछि प्रधानमन्त्री ओलीले उनीहरुलाई सान्त्वना दिन सरकारी आवास र गाडी पूर्ववत रुपमा नै प्रयोग गर्न सुझाव दिए । अनैतिक कार्य गर्ने सबै सीमारेखाहरु पार गरिसकेका प्रधानमन्त्री ओलीले सहयोगीहरुलाईपनि अनैतिक कार्य गर्न सुझाव दिइरहेका छन् । राजनीतिका चतुर खेलाडी मानिएपनि ओलीले अनैतिक रुपमा खेलिरहेका छन् । संविधान, कानुन, लोकतान्त्रिक मुल्य,मान्यता, राजनीतक चरित्र कुनै पक्षलाई उनले स्वीकारेका छैनन् । नेपाली राजनीतिमा मुल्य र मान्यताको राजनीति नगर्नेमा ओली मात्र होइन् । अधिकांश नेताहरुले मुल्य र मान्यतालाई शिरोधार्य गरेका छैनन् । राजनीतिबाट नैतिकता हराउने बितिकै राजनीति अपराधिकरण हुन्छ । ओलीले देशमा अहिले त्यै गर्न खोजेका छन् । भ्रष्टाचारी, अपराधीहरुको अहिले सरकारमा बलियो पकड छ । सरकारले भ्रष्टाचारलाई संस्थागत गरेकोछ । भ्रष्टाचारीहरुलाई राज्यको संरक्षण छ । अवैध रुपमा मन्त्री बनाइएकाहरुलाई सर्वोच्च अदालतले हटाएपछि प्रधानमन्त्रीले उनीहरुलाई गाडी र आवास प्रयोग गर्न दिएको सुविधा अदालतको फैसलालाईपनि उपहास गरेकोछ । प्रधानमन्त्री ओलीले हटेका मन्त्रीहरुलाई तत्काल आवास र गाडी फिर्ता गरेर उच्च नैतिकता देखाउन सुझाव दिनु पर्ने थियो । तर उनले उनीहरुलाई अनैतिक कार्य गर्न दुरुत्साहन गरेका छन् । प्रधानमन्त्री पद नै गरिमामय हो । देशको प्रधानमन्त्रीले पदिय मर्यादा कायम राख्न नसक्दा समग्र क्षेत्र तहसनहस हुन सक्छ । संविधानलाई धुज्जाधुज्जा गर्ने प्रधानमन्त्रीको कारण राष्ट्रपतिपनि सर्वोच्च अदालतमा हासोको पात्र बनेकी छन् । वरिष्ठ अधिवक्ताहरुले राष्ट्रपतिको नामै लिएर अनेक टिप्पणी गर्न थालेका छन् । राष्ट्रपतिमाथि अदालतमा प्रश्न उठाउन नहुने मान्यता छ । तर उनले गरेकी कृयाकलापबाट स्वयं आलोचित भइरहेकी छन् । देशको प्रथम राष्ट्रपति डा.रामवरण यादवले गरेका निर्णयहरु अदालत सम्म कहिलै गएन् । त्यसको प्रमुख कारण उनी संविधानको परिधिमा रहेर काम गरे । संविधानलाई नाघ्ने प्रयास गरेको भए उनी बिरुद्ध महाभियोगपनि लाग्न सक्थ्यो । सबै राम्रा काम गरेपनि संविधान जारी गर्दाको बखत उनलाई काँग्रेस पार्टीकै कृष्णप्रसाद सिटौलाले अपमानित गरेका थिए । तर राष्ट्रपति विद्या देवी भण्डारीले संविधानको उल्लंघन मात्र नभै केपी शर्मा ओली अध्यक्ष रहेको नेकपा एमालेको तल्लो तहको आदेशपालक कार्यकर्ता जस्तो आलोचित हुने कृयाकलाप गरिरहेकी छन् । प्रधानमन्त्री ओलीले मर्यादाको सबै सीमा पारगरेसँगै राष्ट्रपतिपनि त्यसमा पूर्ण साथ दिएकी छन् । राष्ट्रपति भण्डारीले संविधानको दायरा भित्र रहेर सविधानको रक्षा गर्नु पर्थ्यो । राष्ट्रपतिले गर्ने हरेक निर्णय नजिर बन्ने भएकाले परिपक्व र संविधान सम्मत हुनुपर्छ । केपी ओली र उनी एमालेमा रहँदा एउटै खेमामा थिए । तर अहिले उनी राष्ट्रपति र ओली प्रधानमन्त्री छन् भने बुझ्नु आवश्यक छ ।

# मन्त्री पद खुस्किएपछि ओलीको 'राम' रथ-यात्रा प्रभावहीन

पछिल्ला दिनमा सर्वोच्च अदालतका लगातारको निर्णय र आदेशका कारण प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीको एकतमासको सोचमा त 'ब्रेक' लागेको छ नै देशको समग्र राजनीति नै प्रभावित हुने अवस्थाको सिर्जना भएको छ । यसको पछिल्लो र ताजा उदाहरण हो, मधेशको राजनीतिमा देखिएको हलचल । प्रधानमन्त्रीले मधेशको प्रभावशाली राजनीतिक दल जनता समाजवादी पार्टी (जसपा) एक किसिमले विभाजित हुने गरी यस पार्टीको एक पक्ष 'राम'(राजेन्द्र महतो र महन्थ ठाकुर)लाई आफ्नो प्रभावमा पारेर आफ्नो सत्ता टिकाउन प्रयोग गरेका थिए । यसका लागि ओलीले रामपक्षीय ११ जनालाई मन्त्री बनाए र अध्यादेशबाट नागरिकतासम्बन्धी कानुन सार्वजनिक गरे । अहिले अदालतले ओलीका यी दुबै निर्णय तत्काल कार्यान्वयन् नगर्न नगराउन आदेश जारी गरेको छ । अदालतको निर्णयबाट रामपक्षीय ११ जनामात्र होइन ओलीका आफ्नैपक्षीय पनि गरी वीसजनाको मन्त्री पदको जागीर चैट भएको छ ।

जगजाहेर छ, पछिल्ला दिनमा ओली र उनको पार्टी मधेशको विकास, पहिचान र अधिकारका सन्दर्भमा सबभन्दा ठूलो वाधक बन्दै आएको छ । आज आफ्नो सत्ता लम्ब्याउन अध्यादेशबाट नागरिकतासम्बन्धी कानुन ल्याउन आवश्यक देखेको ओलीले विगत तीन वर्षदेखि संसदमा विचाराधीन रहेको नागरिकतासम्बन्धी विधेयक किन पारित हुन दिएनन ? मधेश आन्दोलनमा अत्यधिक संख्यामा मधेशी सहीद हुनुपर्ने कारण को हो ?

शहीदलाई आँपको फलसँग तुलना गर्ने को हो ? मानवसांग्लोलाई माखेसाँग्लोसँग तुलना गरेर मजाक गर्ने को हुन ? मधेश आन्दोलनलाई बाहिरिया उक्साहटको परिणाम भन्ने को हुन ? यी प्रश्नको उत्तर खोज्दै जाने हो भने निश्चित पनि सबै ठाउँमा ओलीको नाम जोडिन्छ । मधेशकै सन्दर्भ हो भने विगतमा ओली सरकारमा उपेन्द्र यादवहरुको संलग्नता छँदै थियो नि, किन तिनीहरुलाई निकालियो र किन आज त्यही उपेन्द्रको पार्टी फोडेर रामपक्षको सहयोग आवश्यक पर्‍यो ? यो सबैको सम्बन्ध ओली आफू कसैको बुई चढेर मधेशको राजनीतिक यात्रा गर्न चाहन्छन् भन्ने कुरासँग छ । हिजोका दिनमा उनले मधेशलाई लगाएको घाउको पीडा त्यहाँका जनताले आगामी चुनावताका नसम्झिउन भन्ने चाहन्छन् र यसका लागि उनी राममाथि मधेश यात्राको सवारी कस्न चाहन्छन् । नागरिकता र मन्त्रिपरिषद विस्तारमात्र होइन अन्य पनि थुप्रै उदाहरण छन् जसका आधारमा यो स्पष्ट हुन्छ की ओलीका लागि सत्ता नै महत्वपूर्ण हो । सत्ताका लागि उनी कस्तै पनि वैध-अवैध कार्य गर्न सक्छन् भन्ने प्रमाणित भएको छ र उनका थुप्रै अवैधानिक कार्य अदालतले सच्याउने प्रयत्न गरेको छ । अहिले स्थिति कस्तो उत्पन्न भएको छ भने, एकातिर ओली नियम-कानुन, संविधानको बर्खिलाप अघि-अघि फोहोर गर्दै हिँड्ने र पछि-पछि सर्वोच्च अदालत ओलीले गरेको फोहोर नियम-कानुनको कुचोले सफा गर्दै हिँड्ने ।

यो कुनै ठट्टा-फुहारको विषय होइन, निकै गम्भीर प्रसङ्ग हो । सर्वोच्चले सुरुमा संसद् पुनःस्थापना गर्दा अनि त्योभन्दा एक कदम अघि बढेर एमाले-माओवादीको कथित सन्धि भङ्ग गर्ने आदेश दिंदा अनेक यस्ता विश्लेषक र टिप्पणीकार थिए जसले तिनमा ओलीको सेटिङ देखेका थिए । सबै ओलीको राजनीतिको लोहा मानिरहेका थिए । तर जब सर्वोच्चले एकपछि अर्को गर्दै ओलीका काम-कारबाहीविरुद्ध जसरी धक्का दिइरहेको छ, अधिकांश व्यक्ति आफ्नो पूर्वधारणा परिवर्तन गरिरहेका छन् ।

संविधान, नियम-कानुन मिचेर गरिएको ओलीका निर्णय र काम-कारबाहीविरुद्ध अदालतको खबरदारीपछि लोकतन्त्रका पक्षपाती जो सुकैले पनि राहतको सास लिनु स्वाभाविकै हो । तर आश्चर्य छ, यति भइसक्दा पनि ओलीले आफूलाई नियन्त्रण गर्न चाहिरहेका छैनन् । यस्तोमा प्रश्न उठनु स्वभाविक हो, आखिर किन ? खासमा नेपालको राजनीतिमा यो के भइरहेको छ ? सर्वोच्चबाट जसरी एकपछि अर्को नकेल कस्ने काम भइरहेको छ, त्यसपछि पनि ओलीलाई आफूले समातेको बाटोमा कुनै पश्चाताप छैन ?

सार्वजनिकरुपमा ओली जुन प्रवृत्तिका आधारमा चिनिन्छन्, त्यस आधारमा मूल्यांकनको प्रयत्न गर्ने हो भने स्पष्ट भन्न सकिन्छ, अदालतले देखाएको बाटो ओलीलाई मन परिरहेको छैन । संसदीय व्यवस्था र संसद्को सर्वोच्चता असफल पारेर सर्वसत्तावाद लादन खोज्ने कुनै पनि शासकलाई जथाभावी हिँड्न र मनपरी गर्न नपाउँदा अदालतको पछिल्लो निर्णय मन नपर्नु स्वाभाविकै हुन्छ । यति धेरै असंवैधानिक काम गर्ने शासक र विकल्प दिन नसक्ने प्रतिपक्षको ताल देखेर जनतामा संसदीय व्यवस्थाविरुद्ध यदी वितृष्णा बढ्ने अवस्थाको सिर्जना भएको हो भने त्यसलाई अस्वाभाविक भन्न मिल्दैन ।

अब एकछिन माथि उल्लेख गरिएको मधेशको राजनीतिका सन्दर्भमा थोरै चर्चा गरौं । अहिले रामपक्षका अनेकौं व्यक्तिले अदालतको निर्णयप्रति असन्तुष्टि जनाएका छन् । अदालतले २० जना मन्त्रीहरु अवैधानिक छन् भन्ने आदेश जारी गर्दैगर्दा केही मन्त्री स्वागत र बधाई थापिरहेका थिए । बधाई दिन भाडाको गाडी चढेर आएकाहरुले स्वागतकै क्रममा मन्त्री पद खुस्केको थाहा पाएपछि उनीहरु एकाएक त्यहाँबाट विलीन भएका थिए । यस्तै कतिपय मन्त्रीले गलामा पहिरेका स्वागतका माला निकाल्न पनि पाएका थिएनन् की उनहिरुको पद खुस्क्यो । अब तिनले हाललाई मालाको तौल नाप्दै बस्नुबाहेकको अन्य विकल्प छैन । कसैले भने मन्त्रालयमा बसेर पल्टाएको एउटा फाइल पनि अध्ययन् गर्न पाएनन् ।

मैथिली भाषामा गेल भैंस पाइनमे पडरुसहित भन्ने भनाइ बडा चर्चित छ । यस भनाइको तुलना नेपालको पछिल्लो राजनीतिक घटनासँग गर्न सकिन्छ । यो भनाई माथि उल्लेख गरिएका मन्त्रीका हकमा पनि लागू हुन सक्छ । मन्त्री बन्न के के सम्झौता गरिएको थियो, त्यो त थाहा भएन तर कुनै सम्झौता गरिएको थियो भने हाललाई त्यो सम्झौतासहित मन्त्री पद पनि गुमेको कुरा अब कसैबाट लुकेको छैन ।

यस सन्दर्भमा प्रश्न गर्न सकिन्छ, निर्वाचन मिति घोषणा गरिसकेपछि एउटा कर्मचारीसमेत सरुवा, बढुवा, नियुक्ति गर्न पाइँदैन भन्ने कुरा सामान्य व्यक्तिलाई पनि थाहा हुने कुरा कामचलाउ सरकारको मन्त्रिपरिषद् विस्तारको कुरो गलत हुन्छ भन्ने कुरा के ओलीलाई थाहा थिएन ? यो पद अवैधानिक हुन सक्ने र अदालतमा मुद्दा पर्दा आफूहरुको अनुकूल निर्णय नहुन पनि सक्ने कुरा ती मन्त्रीहरुलाई थाहा थिएन ? यसमा एउटा तर्क गर्न सकिन्छ, निश्चय पनि प्रधानमन्त्री ओलीलाई यो कुरा थाहा थियो । तर उनले 'राम'बाबूहरूलाई आफूतिर घिसारेर मधेसमा आफ्नो भावी राजनीति सुधार्ने प्रयास गरे । रामबाबू पक्षका ११ जनालाई मन्त्री बनाइदिए । अदालतले सबको जागीर खाइदियो ।

त्यसो त प्रधानमन्त्री ओलीबाट भइरहेका उट्पट्याङ हर्कतबाट आजित भएकाहरू प्रधानमन्त्रीले सङ्घीयता, लोकतन्त्र र संविधान सिध्याउन खोजे भन्ने आरोप लगाउलान् । तर यसलाई अर्को ढंगबाट हेर्न सकिन्छ । ओलीको अहिलेसम्मको कार्यकालमा अदालतबाट संविधानको व्याख्या हुने कम्तीमा एक दर्जन अवसर मिलेको छ ।

यस्तै हो भने सायद ओलीको बाँकी कार्यकालमा संविधानको कुनै पनि धारा व्याख्या बाँकी रहने छैन । यसबाट भविष्यका लागि संविधानका अनेकन अनिश्चितताहरू निश्चित हुनेछन् । यतिमात्र होइन, भविष्यमा शासकको मनपरी रोकिनेछ । संविधान सुदृढ हुनेछ । लोकतन्त्र संस्थागत हुनेछ । यो अलग कुरा हो कि जनतामा निहित सार्वभौमसत्ता यति कमजोर भएको यसअघि कहिले अनुभूत भएको थिएन ।

अडीट



धर्मेन्द्र झा

> *यो कुनै ठट्टा-फुहारको विषय होइन, निकै गम्भीर प्रसङ्ग हो । सर्वोच्चले सुरुमा संसद् पुनःस्थापना गर्दा अनि त्योभन्दा एक कदम अघि बढेर एमाले-माओवादीको कथित सन्धि भङ्ग गर्ने आदेश दिंदा अनेक यस्ता विश्लेषक र टिप्पणीकार थिए जसले तिनमा ओलीको सेटिङ देखेका थिए । सबै ओलीको राजनीतिको लोहा मानिरहेका थिए । तर जब सर्वोच्चले एकपछि अर्को गर्दै ओलीका काम-कारबाहीविरुद्ध जसरी धक्का दिइरहेको छ, अधिकांश व्यक्ति आफ्नो पूर्वधारणा परिवर्तन गरिरहेका छन् । संविधान, नियम-कानुन मिचेर गरिएको ओलीका निर्णय र काम-कारबाहीविरुद्ध अदालतको खबरदारीपछि लोकतन्त्रका पक्षपाती जो सुकैले पनि राहतको सास लिनु स्वाभाविकै हो । तर आश्चर्य छ, यति भइसक्दा पनि ओलीले आफूलाई नियन्त्रण गर्न चाहिरहेका छैनन् ।*

# बारी, बाढी, महामारी

**सामना ओली**
**मेलम्ची** !

हेर्दा कति रमाइलो! हरिया पहाड, छङ्छङ बग्ने नदी, वरिपरिका खेतबारी ! मेलम्चीबासीलाई मेलम्चीकै सहारा ! नदीकै किनारमा बसेर अजम्बरी नदीलाई हेर्दै, पौडी खेल्दै हुर्केका मेलम्चीबासी ! त्यो नदीले वास्तवमा त्यहाँका अनेक पुस्ता देख्यो अनि हरेक पुस्ताले उसको किनारमा गरेको सघंर्ष देख्यो! नदीका किनारका मौसम बदलिए, त्यहाँ खेतबारीमा उम्रने बालीनाली बदलिए, समय बदलियो अनि पुस्ता बदलिए। तर मेलम्ची सधैं उस्तै रहिन ।



बाबु-बाजेको पालादेखी मेलम्ची यस्तै छिन् रे- अविरल अनि निश्चल । वास्तवमा मेलम्चीले कहिले कसैलाई पिरेकी होइनन्। उनलाई क-कस्ले पिरे, त्यो उनि नै जान्दछिन्। तर गएको हप्ताबाट ती मेलम्ची अविरल र निश्चल रहिनन्, उनी बनिन् प्रचण्ड अनि कहालीलाग्दी । मेलम्चीले देखिनन् ती खेतबारी, ती बालीनली, पुस्तौंदेखी उनको शरणमा बसेका ती मान्छे । आखिर मेलम्ची प्रकृति हुन् । प्रकृति सबैको हुन्छ, तर कसैको हुँदैन। जब प्रकृति आक्रामक हुन्छ, तब मान्छे हुन्छ त केवलः निहत्था अनि निराश । जब मेलम्ची गड्गडाइएर आइन्, सबैले सबै कुरा बिर्से। मेलम्चीको मिठो हावा, मेलम्चीमा सिर्चैको मिठो सपना अनि मेलम्चीको मिठो माया; सबै बिर्से ।

कुण्ठित आक्रोश र द्वेष लिएर बगेकी मेलम्ची अब सम्झन लायक पनि रहिनन्। उनि बनिन् त केवल नमिठो बिपना। कैयौंका बर्षौदेखीका सपना र सृजनालाई निमेषभरमै निलेर गईन्। मेलम्ची अब नदी रहिनन्- बाढी भईन् ।

**आखिर मेलम्ची प्रकृति हुन् र प्रकृतिका अगाडि 'मान्छे को नै हो र?'**

मेलम्चीलाई गाँस, बास अनि कपास सोचेर बसेकाहरुको उठिबास लगाएर उनि गईन्। कति निर्मम ! भन्छन बाटो बिराएको नदी सय बर्षमा नि फर्किन्छ रे। उनी त फर्किइन् तर ती मान्छे? ती अब फर्किने छैनन्। मान्छे फर्केलान् तर तिनका मन फर्किने छैनन् । हरेक बाढी पछी महामारी आउँछ। रोगको मात्र हैन। भोक अनि शोकको पनि। तर राज्य अनि समाजले देख्छ त केवल केही बाढीपीडित। पीडितभित्रका अनगिन्ती पीडा भने कसैले देख्दैन। राहतका नाममा दिइएको एक पोको सामान अनि मुख अगाडी तेर्साइएका दशवटा क्यामेरा। बाढी भन्दा निर्मम! बाढीले के लग्यो बरु कसैले देखेन तर कसको लग्यो यसपछी चाहीँ सबैले देखे ।

आखिर मान्छेले सुख बाड्न सक्छ रे तर दुःख चाहीँ बाडेँ पनि बाडिँन्न भन्थे, हो रहेछ। मेलम्चीको बाढीमा घरखेत, सम्पत्ती र मान्छे मात्र बगेनन्। त्यहाँ सृजना, सपना अनि भविष्यका योजना सबै बगे। जहाँ जहाँ मेलम्चीले छोएर गईन्, त्यहाँ बन्यो त बस् बगर। उराठलाग्दो बगर !

केही समयपछी मेलम्ची फेरि उस्तै हुनेछिन्। अझै अरु ठाउँ र जीवन ध्वस्त पारी आफ्नो आक्रोश पोखेसी सङ्लिनेछिन्। तर अरुको मन सदाका लागी धमिल्याएर ! त्यसैले उनलाई अब कसैले पुरानी मेलम्ची भनेर सम्झिने छैनन् ।तर मेलम्चीको यो बाढीले मान्छेलाई एक अजीबको पाठ सिकाउछ । 'सबै नरहे नि मान्छे रह्यो। ऊ आज थाक्छ, भोली थाक्छ तर एकदिन उसले उठ्नैपर्छ। त्यो बाढी आएको दिनको सघंर्ष केवल बाढीसँग मात्र थिएन, प्रकृतिसँग थियो र जो मान्छेले प्रकृतिसँग हारेन उसले जीवनसँग जित्नैपर्छ ।'

(लेखक नेपाली सेना स्वास्थ्य विज्ञान सस्थांनमा एमबिबिएस चौथो बर्षमा अध्ययनरत छिन् )सौजन्यःस्वास्थ्य खबर

# 'नेपालमा पनि अनावश्यक एन्टिबायोटिकले गम्भीर बिरामी झन् बढी खतरामा'

**विनिता दाहाल**
**बीबीसी न्यूज नेपाली**

काठमाण्डूका ४२ वर्षीय विमल बराल गत वैशाखको मध्यतिर कोरोनाभाइरस पोजिटिभ भए।खोकी बढ्दै गएपछि उनी उपचारका लागि एउटा निजी अस्पताल पुगे।त्यहाँ उनको सीटी स्क्यानसहित विभिन्न परीक्षण भयो। सीटी स्क्यानले निमोनिया भएको देखायो ।

त्यहाँ चिकित्सकले उनलाई अस्पताल भर्ना हुनुपर्ने बताए र विभिन्न खालका एन्टिबायोटिक औषधि लेखिदिए।घर गएर आफ्ना नजिकका नातेदार डाक्टरलाई अस्पतालको कुरा उनले बुझाए।ती नातेदारले अझ अर्को एन्टिबायोटिक थपिदिए । कोभिड सङ्क्रमणले आहत उनी थरीथरीका औषधि खानुपर्ने सुझावबाट त्रस्त बन्न पुगे।उनले हिम्मत हारेनन्, यो औषधि खाऊँ कि नखाऊँ भनेर तेस्रो चिकित्सकको सुझाव लिन सफल भए ।

तेस्रो चिकित्सकको सुझाव थियो, "यो तपाईँको भाइरल निमोनिया भएकाले ब्याक्टेरिया मार्ने एन्टिबायोटिक नखानुस्। अक्सिजन तह जाँचिरहनुस् । ज्वरो आए सिटामोल खानुस्। अक्सिजन तह ९० भन्दा कम भए अस्पताल गइहाल्नोस् ।" बराल सिटामोल र घरमै विभिन्न किसिमका झोलिलो पदार्थ खाएर बसे। उनको कोभिड निको हुन समय लाग्यो तर अस्पताल जानु परेन, अनेक थरी एन्टिबायोटिक खानु पनि परेन ।

नेपालमा बिरामीलाई आवश्यकै नपर्ने औषधि पनि दिने गरिएको र त्यो अभ्यास कोरोनाभाइरसको महामारीका बेला बढेको अनुभव चिकित्सकहरूको छ । कोरोनाभाइरसका बिरामीको उपचारमा खटिएका डाक्टर अनुप सुवेदी बिरामीहरू सिकिस्त भएर अस्पताल पुग्दा दुई तीन चरण एन्टिबायोटिक खाइसकेर आउने गरेको बताउँछन्।

उनी भन्छन्, "कहिलेकाहीँ भाइरसले आक्रमण गरेर निमोनिया भएको बिरामीलाई पछि ब्याक्टेरियाले फेरि निमोनिया गराउन सक्छ। साँच्चै एन्टिबायोटिक चाहिने बेला चाहिँ बिरामीलाई एकदमै कडा साइड इफेक्ट गर्ने एन्टिबायोटिक दिनुपर्ने हुन्छ किनभने पहिला ठिक हुने एन्टिबायोटिकले यो अवस्थामा छुँदैन। यो दोस्रो लहरमा आइसीयूमा थुप्रै मानिसको मृत्यु भएको एउटा कारण त्यो पनि हो।"

**बिरामीलाई अनावश्यक भार**

हालसालै द ल्यान्सेट जर्नलले भारतमा महामारीका बेला अनावश्यक औषधि प्रेस्क्राइब गरेकोबारे 'लो लेभल मेडिकल केयर' शिर्षकमा एउटा लेख प्रकाशित गरेको थियो । जसमा कोभिडका सामान्यदेखि मध्यम खालका लक्षण भएका बिरामीहरूलाई आवश्यक नै नपरेका औषधि सुझाउनेदेखि सीटी स्क्यानसम्मको परीक्षण गर्न लगाउँदा त्यसले बिरामीलाई आर्थिक भार पर्ने र स्वास्थ्यमा दीर्घकालीन असर पर्ने उल्लेख थियो । लेखमा उल्लेखित भारतका अधिकांशजसो समस्या नेपालमा पनि उपचारका क्रममा देखिने गरेको चिकित्सकहरू बताउँछन् ।

सङ्क्रामक रोग विशेषज्ञ डाक्टर अनुप सुवेदी भन्छन्, "खानै नहुने औषधिहरू जस्तै एन्टिबायोटिक/स्टेरोइडहरू बिरामीहरूले आवश्यक नपर्दै खानुहुन्छ। अक्सिजनको मात्रा कम नहुँदै स्टेरोइडहरूको प्रयोग गर्दा त्यसले उल्टै हानी पुर्‍याइरहेको छ ।" त्यसबाहेक सामान्य लक्षण भएका कोभिडका बिरामीलाई अस्पतालले एक्सरेदेखि सीटी स्क्यानसम्म गर्न लगाउने गरेको पाइने पनि उनले बताए ।



सङ्क्रामक रोगसम्बन्धी अनुसन्धानकर्ता प्राध्यापक डा. बुद्ध बस्न्यात पनि नेपालमा विभिन्न भिटामिनहरू, जिङ्कजस्ता औषधि मात्रै नभई डेक्सामेथासोन जस्ता स्वास्थ्यमा असर गर्ने औषधि पनि अनावश्यक रूपमा प्रयोग भइरहेको बताउँछन् । डाक्टर बस्न्यातले बीबीसीसँग भने, "लक्षण अनुसार बिरामीलाई त्यो औषधि आवश्यक नै नपर्न सक्छ। तर चिकित्सकले पनि सुझाउने र बिरामीले पनि मनलागी आफैं प्रयोग गर्ने गरेको पाइन्छ। त्यसले शरीरलाई फाइदाभन्दा बढी बेफाइदा गर्छ ।" भारतमा कोरोनाभाइरसका बिरामीले स्टेरोइडको धेरै प्रयोग गर्दा पनि कालो ढुसी अर्थात् म्युकोर्माइकोसिस सङ्क्रमण बढेको बताइएको छ।नेपालमा पनि उक्त समस्या कोरोनाभाइरसका केही बिरामीमा देखिएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले पुष्टि गरिसकेको छ ।

**अनुगमन "धेरै अगाडि बढेको छैन"**

कस्ता औषधि सिफारिस गर्न हुने वा नहुने भनेर नेपाल मेडिकल काउन्सिलले निर्देशिका निकालेको छ। त्यसको केही हदसम्म पालना भए पनि धेरैले अहिले पनि त्यो अपनाएको नपाइएको चिकित्सकहरू बताउँछन् । नेपालमा चिकित्सकहरूले सुझाउने औषधिबारे सङ्क्रमणको दोस्रो लहर उच्च बिन्दु पुगेका बेला अनुगमन थालिए पनि त्यसले निष्कर्ष निकाल्न बाँकी रहेको नेपाल मेडिकल काउन्सिलका अध्यक्ष डाक्टर भगवान कोइरालाले बताए ।

डाक्टर कोइरालाले भने, "त्यसबारे मन्त्रालय र काउन्सिलहरूले टोली बनाएर अध्ययन थालेको छ। हामीले मेडिकल काउन्सिलबाट प्रेस्क्रिप्सन (अडिट) जाँच्न थालेका थियौँ त्यो अहिले फार्मेसी काउन्सिलले हेरिरहेको भए पनि धेरै अगाडि बढेको छैन ।"सामान्यदेखि मध्यम लक्षण भएका बिरामीलाई अनावश्यक औषधी वा परीक्षण गर्न लगाउने गरेको देखिए पनि यो विषयको 'ग्रे एरिया' पनि हेर्नुपर्ने डाक्टर कोइराला बताउँछन् । "यो औषधि प्रयोग गर्नै हुँदैन भनेको औषधि डाक्टरले प्रेस्क्राइब गर्‍यो भने त्यो गलत भयो। तर केही अवस्थामा किन दिइस् भनेर कडा अडान लिन नमिल्ने अवस्था आउँछ किनभने डाक्टरले बिरामीका विभिन्न कुरा आकलन गरेर दिएको हो भन्ने ठाउँ हुन्छ। तर त्यो आकलन सँधै उचित र सही उपचार विधि नहुन सक्छ।"

चिकित्सकहरूले कोरोनाभाइरसका बिरामीलाई औषधि र परीक्षण सही सुझाएका छन् कि छैनन् भन्ने हेर्न कोरोनाभाइरसका बिरामीलाई सरकारले दिने उपचार खर्चका विवरणले सघाउ पुग्ने डाक्टर कोइराला बताउँछन्। उनले भने, "स्वास्थ्य मन्त्रालयले कोभिडका बिरामीको उपचारको पैसा परिपूर्ति गर्दा अस्पतालहरूबाट सबै विवरण आउँछ त्यसको आधारमा कति जायज कति नाजायज प्रेस्क्रिप्शन भएका छन् हेरेर हामीले पत्ता लगाउन सक्छौँ।"

चिकित्सकले मात्रै नभई औषधि पसलले पनि बिरामीलाई जथाभावी एन्टिबायोटिक लगायतका औषधिहरू दिने गरेको देखिन्छ ।सामान्य कुनै औषधि पसलमा गएर रुघाखोकी वा ज्वरो आएको बताउँदै पसलले एन्टिबायोटिक नै सिफारिस गर्ने गरेको अनुभव कैयौँको छ ।

**चिकित्सकलाई दबाब?**

चिकित्सकहरूलाई दबाब दिने गरेको डाक्टर अनुप सुवेदीले बताए।"डाक्टरलाई प्राइभेट हस्पिटलहरूको व्यवस्थापनबाट गाह्रो छ। डाक्टरहरूले आम्दानी कम गराइदिए भन्ने हुन्छ," सुवेदी भन्छन्, "बिरामी पनि डाक्टरले औषधि लेखिदिनुभएन भन्ने गुनासो गर्छन्। त्यसले पनि डाक्टरलाई दबाब हुन्छ ।" त्यसबाहेक बिरामी आफैँले पनि सामाजिक सञ्जालमा आएका जानकारीका आधारमा हानी पुर्‍याउने खालका औषधिहरू आफैँ प्रयोग गर्ने गरेको उनले बताए । "जनताको १० औँ अर्ब रुपैयाँ अनुत्पादक कुरामा खर्च भइरहेको छ। यसबाट केही कम्पनीलाई नाफा हुन्छ। पैसा कति खर्च भएको छ भनेर त्यसको लेखाजोखा नै छैन," डाक्टर सुवेदी भन्छन् ।

# देउवालाई ७६ (५) अनुसार प्रधानमन्त्री नियुक्त गरेर संसद् बोलाउनुपर्छ : वरिष्ठ अधिवक्ता श्रेष्ठ

काठमाण्डु। वरिष्ठ अधिवक्ता रमण श्रेष्ठले प्रतिनिधिसभाका सदस्य शेरबहादुर देउवाले संविधानको धारा ७६ (५) अनुसार १४९ सांसदको हस्ताक्षरसहित प्रधानमन्त्रीमा दाबी गरेका अवस्थामा राष्ट्रपतिले उहाँलाई सो पदमा नियुक्त गर्नुपर्ने जिकिर गर्नुभएको छ । प्रतिनिधिसभा विघटनको खारेजी र देउवालाई प्रधानमन्त्रीमा नियुक्तिको माग गर्दै सर्वोच्च अदालतमा परेको रिट निवेदनमाथि संवैधानिक इजलासमा भएको सुनुवाइका क्रममा बहस गर्दै उहाँले प्रधानमन्त्री बन्नका लागि आवश्यक बहुमतसहितका सांसदको हस्ताक्षरसहितको दाबी पेश गर्दा सो पदमा नियुक्त नगरेर संविधानको उल्लंघन भएको बताउनुभयो ।

सर्वोच्च अदालतका पछिल्ला फैसलाले विकृत संसदीय प्रणाली सुधार गरेको उहाँको भनाइ थियो । "प्रधानमन्त्री रहने/नरहने भन्ने होइन, संविधानसभाले बनाएको संविधान असफल भयो भने जिम्मा कसले लिन्छ ?", उहाँले प्रश्न गर्नुभयो

***झण्डै ५० मिनेट बहसमा उत्रिनुभएका श्रेष्ठले संविधानको धारा (७६) ५ मा आइपुग्दा सांसद स्वतन्त्र हुने जिकिर गर्नुभयो । सरकार गठनका अन्य विकल्पमा दलको संलग्नता संविधानमा नै निर्दिष्ट गरिएको उल्लेख गर्दै उहाँले दलको संलग्नतामा सरकार बन्न नसकेपछि स्वतन्त्र सांसदको हैसियतमा प्रधानमन्त्री बन्न सक्ने गरी (७६)५ को व्यवस्था गरिएको बताउनुभयो ।***

"धारा ७६ का सबै अधिकार मैले जे गरे नि हुने भन्ने राष्ट्रपतिलाई भयो । सदनप्रति उत्तरदायी हुनु नपर्ने त्यो अधिकार उहाँलाई छ त ?"

प्रधानमन्त्री कार्यालयबाट अघिल्लो पटक र यसपटक फरकफरक लिखित जवाफ दिइएको जिकिर गर्दै उहाँले १४९ जनाको हस्ताक्षरसहित दाबी पेश गरेपछि राष्ट्रपतिले संविधानको धारा ७६ (५) अनुसार प्रधानमन्त्री देउवालाई नियुक्त गरेर संसद् बोलाउनुपर्ने जिकिर गर्नुभयो ।

झण्डै ५० मिनेट बहसमा उत्रिनुभएका श्रेष्ठले संविधानको धारा (७६) ५ मा आइपुग्दा सांसद स्वतन्त्र हुने जिकिर गर्नुभयो । सरकार गठनका अन्य विकल्पमा दलको संलग्नता संविधानमा नै निर्दिष्ट गरिएको उल्लेख गर्दै उहाँले दलको संलग्नतामा सरकार बन्न नसकेपछि स्वतन्त्र सांसदको हैसियतमा प्रधानमन्त्री बन्न सक्ने गरी (७६)५ को व्यवस्था गरिएको बताउनुभयो ।

"धारा ७६ (५) सांसदहरुलाई दिइएको ब्रह्मास्त्र हो । उपधारा ५ अनुसार सांसदहरुले अन्तिमसम्म पनि सरकार दिएर संसद् जोगाउन सक्छन्", उहाँले भन्नुभयो, "जहाँ सांसदहरुले स्वतन्त्र रुपमा सरकार बनाएर संसद् जोगाउन सक्छन् । धारा ७६ (५) अनुसार दलको समर्थन चाहिने, अर्को दलका नेतालाई प्रधानमन्त्री बनाउन हस्ताक्षर गर्न नपाउने भन्ने तर्क हुन सक्दैन ।"

वरिष्ठ अधिवक्ता हरिहर दाहालले १४९ सांसदको हस्ताक्षरभन्दा बलियो आधार के हुन्छ भनी प्रश्न गर्नुभयो । उहाँले भन्नुभयो, "प्रतिनिधिसभा रातारात विघटन भयो, बिहान पनि पर्खिएन । दुई मिनेट ढिला भयो भने त बर्बादै हुन्छ कि जस्तो गरियो । राष्ट्रपतिले जसरी भए पनि केपी शर्मा ओलीलाई प्रधानमन्त्रीमा टिकाइराख्न खोज्नुभयो, रातारात भए पनि प्रधानमन्त्रीको पद जोगाउनुपर्‍यो उहाँहरुलाई ।"रासस

# विद्यार्थी सङ्गठनको विरोध प्रदर्शन

काठमाण्डु । विभिन्न दल निकट विद्यार्थी संगठनले विहीवार प्रतिनिधिसभा विघठनविरुद्ध प्रदर्शनीमार्गमा विरोध प्रदर्शन गरका छन् ।

नेपाली काँग्रेस निकट नेपाल विद्यार्थी संघ, नेकपा (माओवादी केन्द्र) निकट अखिल (क्रान्तिकारी), जनता समाजवादी पार्टी (जसपा) उपेन्द्र यादव पक्ष निकट समाजवादी विद्यार्थी युनियन र राष्ट्रिय जनमोर्चानिकट अखिल (छैठौं) लगायतले संयुक्त रुपमा कार्यक्रमको आयोजना गरेका हुन् । कोभिड-१९ सङ्क्रमणलाई ध्यान दिएर स्वास्थ्य सुरक्षा अपनाएर विरोध प्रदर्शन गरिएको अनेरास्ववियुकी नेत्री आरती लामाले बताउनुभयो । गत जेठ ८ गते विघटित प्रतिनिधिसभाको विषयमा सर्वोच्च अदालतमा सुनुवाइ भइरहेको छ ।रासस

# प्रतिनिधिसभा विघटनले लोकतन्त्रमाथि नै खतरा उत्पन्न गरेको छ : देउवा

काठमाण्डु । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले प्रतिनिधिसभा विघटनले लोकतन्त्रमाथि नै खतरा उत्पन्न गरेको बताउनुभएको छ । विपक्षी गठबन्धनले आज विभिन्न सञ्चारमाध्यमका सम्पादकसँगको आजको अन्तरक्रियामा उहाँले प्रतिनिधिसभाका बहुमत १४९ सदस्यको हस्ताक्षरसहित राष्ट्रपतिको आह्वानअनुसार आफूहरुले प्रधानमन्त्रीका लागि दाबीसहित पेश गरेको आवेदन अस्वीकार गर्नु लोकतान्त्रिक मूल्य र मान्यतामाथि नै प्रहार भएको टिप्पणी गर्नुभयो ।

सो अवसरमा सभापति देउवाले राष्ट्रिय हितको संरक्षण, नेपालको संविधान, लोकतन्त्र, संसद्को रक्षा तथा जनतालाई महामारी एवम् प्राकृतिक विपत्तिबाट जोगाउने उद्देश्यका साथ पाँच राजनीतिक दलको संयुक्त मोर्चा बनेको अवगत गराउनुभयो । सरकारबाट भएका कतिपय कार्य र निर्णय अदालतबाट रोकिएको जनाउँदै पूर्वप्रधानमन्त्रीले राष्ट्रिय स्वार्थ र जनताको हितलाई सर्वोपरी राख्दै संघीय लोकतान्त्रिक गणतन्त्रको कार्यान्वयन, सामाजिक न्याय, समावेशी लोकतन्त्र, कानूनी शासन र समृद्धिलाई आफूहरुले साझा गन्तव्यका रुपमा लिएको बताउनुभयो ।

आवश्यक परेमा जनपरिचालनको दिशातर्फसमेत अगाडि बढ्ने उहाँले बताउनुभयो । सभापति देउवाले नेपालको गौरव र स्वाभिमानलाई ध्यानमा राख्दै मुलुकका बारेमा नेपालीले नै निर्णय गर्ने कुरामा अटल विश्वासका साथ बदलिँदो विश्व परिवेशमा राष्ट्रिय हितको रक्षा लोकतान्त्रिक प्रणालीको आधारमा गर्नुपर्ने मान्यता स्पष्ट गर्नुभयो ।

सरकारबाट दुई-दुई पटक प्रतिनिधिसभाको विघटन गर्ने, अध्यादेशमार्फत शासन सञ्चालन गर्ने, स्वतन्त्र न्यायालय तथा संवैधानिक निकायलगायत राज्य संयन्त्रमाथि हस्तक्षेप गर्ने, कोरोनाविरुद्धको पहिलो खोप लगाएकालाई दोस्रो खोप नपाउने स्थिति सिर्जना गर्ने, बाढी, पहिरो र डुबान जस्ता प्राकृतिक विपत्तिबाट जनधनको सुरक्षाका लागि प्रभावकारी पूर्व तयारी नगर्ने काम भएको सभापति देउवाको आरोप थियो । रासस

# नेपाल रेडक्रसलाई अक्सिजन कन्सन्ट्रेटर सहयोग




काठमाण्डु । रेडक्रस तथा रेडक्रिसेण्ट सोसाइटीहरुको अन्तरराष्ट्रिय महासङ्घले नेपाल रेडक्रस सोसाइटीलाई एकसय 'अक्सिजन कन्सन्ट्रेटर र स्पेयर पार्टस' सहयोग गरेको छ ।

महासङ्घको एसिया प्यासेफिक कार्यालय क्वालालाम्पुरका पहलमा ती स्वास्थ्य सामग्री प्राप्त भएको जनाइएको छ । महासङ्घका नेपाल प्रमुख अजमत उल्लाले सोसाइटीका अध्यक्ष डा नेत्र तिम्सिनालाई ती सामग्री हस्तन्तरण गर्नुभएको थियो । महासङ्घका नेपाल प्रमुख उल्लाले व्यक्तिगत सुरक्षा सामाग्री लगायत कोभिड-१९ प्रतिकार्यका लागि अन्य सहयोग निरन्तर रहने जानकारी दिँदै महामारीको रोकथाम तथा प्रतिकार्यका लागि नेरेसोका स्वयंसेवक तथा कर्मचारीले महत्वपूर्ण काम गरिरहेको जानकारी दिनुभयो ।

सोसाइटीका अध्यक्ष डा नेत्रप्रसाद तिम्सिनाले कोरोना सङ्क्रमण दर बढी भएका ग्रामीण तथा पहाडी क्षेत्रमा हस्तान्तरित सामग्री प्रदान गरिने बताउनुभयो । महामन्त्री पिताम्बर अर्यालले महामारीका समयमा अक्सिजन कै अभावमा कोभिडका बिरामीले ज्यान गुमाउनु पर्ने अवस्थाको कमी गर्न साझेदार निकायको सहयोग ज्यादै नै प्रशंसनीय रहेको छ भन्नुभयो । उहाँले विपद पूर्वतयारी र पुनर्लाभको क्षेत्रमा नेपाल रेडक्रसले प्रभावकारी सेवा पुर्‍याउँदै आएको र स्वास्थ्य तथा जनस्॒या मन्त्रालयका समन्वयमा अक्सिजन प्लान्ट नभएका अस्पतालमा कन्सन्ट्रेटर र स्पेयर पार्टस वितरण गरिने जानकारी दिनुभयो ।

सोसाइटीका कार्यकारी निर्देशक उमेशप्रसाद ढकालले देशको सबैभन्दा ठूलो मानवीय सञ्जाल भएको संस्था नेपाल रेडक्रसले कोभिड महामारीको शुरुआती अवस्थादेखि नै आफ्ना स्वयंसेवक तथा कर्मचारीका सहयोगमा रोकथाम तथा प्रतिकार्य सञ्चालनगर्दै आएको बताउनुभयो । सो अक्सिजन कन्सन्ट्रेट दश लिटरका रहेका जनाइएको छ । यसले अक्सिन प्लाण्ट नभएका अस्पतालमा कोरोनाका बिरामीलाई उपचार गर्न सहयोग गर्ने बताइएको छ ।रासस

# भण्डारी न्याय परिषद् सदस्यमा नियुक्त

काठमाण्डु । राष्ट्रपति विद्यादेवी भण्डारीले नेपालको संविधानबमोजिम प्रधानमन्त्रीका सिफारिशमा वरिष्ठ अधिवक्ता रामप्रसाद भण्डारी(प्रमाणपत्र नं १००)लाई न्याय परिषद् सदस्यमा नियुक्त गर्नुभएको छ ।

संविधानको धारा १५३ को उपधारा १ को खण्ड घ बमोजिम खनियापानी -९, रामेछापका भण्डारीलाई सो पदमा नियुक्त गरिएको राष्ट्रपतिको कार्यालयका प्रवक्ता रुपनारायण भट्टराईले आज विज्ञप्तिमार्फत जानकारी दिनुभएको हो ।रासस

# राष्ट्रियसभाको अधिवेशन असार १७ गते

काठमाण्डु । राष्ट्रपति विद्यादेवी भण्डारीले राष्ट्रियसभाको आठौँ अधिवेशन यही असार १७ गतेका लागि आह्वान गर्नुभएको छ । उहाँले नेपालको संविधानको धारा ९३ को उपधारा(१) बमोजिम मन्त्रिपरिषद्का सिफारिशमा अन्तरराष्ट्रिय सम्मेलन केन्द्र नयाँ बानेश्वरमा अपराह्न ४ बजे अधिवेशन आह्वान गर्नुभएको राष्ट्रपति कार्यालयद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । राष्ट्रपतिले समयसमयमा दुवै वा कुनै सदनको अधिवेशन आह्वान गर्ने संवैधानिक व्यवस्था छ । गत पुसमा प्रतिनिधिसभा विघटन गर्ने सरकारको निर्णयअघि प्रतिनिधिसभा र राष्ट्रियसभाका अधिवेशन एकै पटक आह्वान हुँदैआएंको थियो ।

सङ्घीय संसद्अन्तर्गत समाजका विभिन्न क्षेत्रमा ख्याति कमाएका प्रबुद्ध समूहको प्रतिनिधित्व रहने ५९ सदस्यीय राष्ट्रियसभाको सातौँ अधिवेशन गत पुस १७ गते प्रारम्भ भई २६ गते अन्त्य भएको थियो । सो अधिवेशनमा चार बैठक बसेकामा सात अध्यादेश पेश गरिएको थियो । एउटा अधिवेशनको समाप्ति र अर्को अधिवेशन प्रारम्भबीचको अवधि छ महिनाभन्दा बढी हुन नहुने संवैधानिक व्यवस्था छ ।

पछिल्लो पटक गत जेठ ८ गते प्रतिनिधिसभा विघटन भए पनि हाल सभामुखमा अग्निप्रसाद सापकोटा तथा राष्ट्रियसभाका अध्यक्षमा गणेशप्रसाद तिमिल्सिना र उपाध्यक्षमा शशिकला दाहाल हुनुहुन्छ । हाल राष्ट्रियसभामा नेकपा(एमाले), नेपाली कांग्रेस, नेकपा(माओवादी केन्द्र) र जसपा नेपालबाट निर्वाचित तथा तीन जना मन्त्रिपरिषद् बाट सिफारिश भई राष्ट्रपतिबाट मनोनीत हुनुहुन्छ । पछिल्लो पटक गत जेठ ६ र १७ गते निर्वाचित डा खिमलाल देवकोटा(वाग्मती, स्वतन्त्र) र दृगनारायण पाण्डे( लुम्बिनी, कांग्रेस)अधिवेशनम नयाँ प्रवेशी हुनुहुनेछ । रासस

# पुन:निर्माण प्राधिकरणको संरचना कात्तिक मसान्तसम्म

काठमाण्डु । राष्ट्रिय पुनःनिर्माण प्राधिकरणको संस्थागत संरचना र कार्य प्रणाली आगामी कात्तिक मसान्तसम्म यथावत रहने भएको छ । प्रधानमन्त्री केपी शर्मा ओलीको अध्यक्षतामा बसेको प्राधिकरणको निर्देशक समितिको १९औँ बैठकले आर्थिक वर्ष २०७७/७८ भित्रै सम्पन्न गर्ने लक्ष्य राखिएका निजी आवासलगायत पुनःनिर्माणका काम २०७८ कात्तिक मसान्तसम्ममा सम्पन्न गर्ने निर्णय गरेको हो ।

प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीले कोभिड महामारीको दोस्रो लहर नियन्त्रणका लागि घोषणा गरिएको निषेधाज्ञाका कारण निजी आवास पुनःनिर्माणलगायत काममा अवरोध आएकाले यसअघिको बहिगर्मन तथा हस्तान्तरण कार्ययोजना परिमार्जन गरिएको बताउनुभयो । यथासम्भव न्यून जनशक्ति परिचालन गरी आर्थिक वर्ष २०७८/७९ को पहिलो चौमासिकभित्र ती काम सम्पन्न गरिने र सोही अवधिमा अन्तर्राष्ट्रिय सम्मेलनको तयारी तथा हस्तान्तरणका कामलाई पनि एकैसाथ अघि बढाइने जानकारी दिनुभयो ।

अर्थमन्त्री विष्णुप्रसाद पौडेलले उल्लेखित कामका लागि आर्थिक वर्ष २०७८/७९ को पहिलो दिनदेखि नै आवश्यक बजेटको व्यवस्था गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो । बैठकले कोभिड-१९ महामारीको दोस्रो लहरका कारण काम सम्पन्न गर्न नसकेका निजी आवासका लाभग्राहीलाई २०७८ कात्तिक मसान्तसम्मको समयावधि तोकेको छ । त्यस अवधिमा उक्त कामको फछ्र्यौट गर्ने निर्णय पनि गरेको छ ।

बैठकले निर्माण सम्पन्न गरेका तर सुरक्षित घरको मापदण्ड पूरा गर्न नसकेका निजी आवासका लाभग्राहीलाई सम्बन्धित स्थानीय तहमार्फत् सम्भव भएसम्म सुधार गराउने गरी अनुदानको बाँकी किस्ता रकम उपलब्ध गराउन पनि प्राधिकरणलाई निर्देशन दिएको छ । बैठकले नेपालको पुनःनिर्माणसम्बन्धी प्रस्तावित अन्तरराष्ट्रिय सम्मेलन २०७८ सङ्सिर २१-२३ गते तद्अनुसार सन् २०२१ डिसेम्बर ७-९ मा आयोजना गर्न स्वीकृति दिएको छ । प्राधिकरणले तत्कालीन अवस्था हेरी भौतिक तथा भर्चुअल माध्यमको मिश्रित मोडलमा उक्त सम्मेलनको आयोजना गर्नेछ ।

बैठकले निजी आवास पुनःनिर्माणमा खटिएका इन्जिनियरलाई यसअघि गरिएको समझदारीअनुसार सञ्चार तथा यातायात खर्च र दूर्गम भत्ता उपलब्ध गराउने निर्णय पनि गरेको छ ।

बैठकमा कानूनमन्त्री लिलानाथ श्रेष्ठ, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा पुष्पराज कँडेल, मुख्य सचिव शङ्करदास बैरागी, गृहसचिव महेश्वर न्यौपाने, प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयका सचिव डा बैकुण्ठ अर्याल, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण प्राधिकरणका प्रमुख कार्यकारी अनिल पोखरेल, प्राधिकरण निर्देशक समिति सदस्य प्राडा तारानिधि भट्टराई लगायतको उपस्थिति थियो ।रासस

# बाह्य हस्तक्षेप अस्विकार्य : प्रचण्ड



**टुडे समाचारदाता**

काठमाण्डु । नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले आफू जनतासामू गरेको प्रतिबद्धताअनुसारनै अघि बढेको स्पष्ट पारेका छन् । उनले आफूहरुभन्दा राम्रा नेता ल्याए आजै छोड्न तयार रहेको पनि बताए । उनले आफूले यो तीन वर्षमा केपी शर्मा ओलीलाई राम्रोसँग चिनेको पनि टिप्पणी गरे । आज (बिहीबार) संसद् भवनमा आयोजित सम्पादकहरुसँगको अन्तरक्रियामा अध्यक्ष दाहालले यस्तो बताएका हुन् ।

उनले आफूहरुको यो गठबन्धन लोकतन्त्र र संविधान रक्षार्थ गठन भएको गठबन्धन सुनाए । उनले सबै नेताहरु उस्तै उस्तै हुन भनेर हुर्मत लिने काम भयो भने राजनीतिक भ्याकुम सिर्जना हुनेतर्फ पनि सचेत गराए ।

उनले आफूहरुले छिमेकीहरुसँग राम्रो सम्बन्ध होस भन्ने चाहेको सुनाए । तर, नेपालमा विदेशीहरुको अनावश्यक चलखेल नसहने पनि उनको भनाई थियो । उनले आफूहरुले यो गठबन्धन बनाउँदासम्म धेरै अप्ठ्याराहरु सामना गरेको पनि सुनाए ।

उनले बहालावाला प्रधानमन्त्री केपी शर्मा ओलीले कुर्सीको लागि जेपनि गर्न तयार भएको सुनाए । उनले आफूहरु राष्ट्, जनता, संविधान, लोकतन्त्रको हितमा अघि बढ्ने जनाए ।

# 'फरक खोप लगाउँदा प्रभावकारी हुन्छ भन्ने आधार छैन'

काठमाण्डु । विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) नेपालले कोरोना भाइरस विरुद्धको पहिलो मात्रा 'एस्ट्राजेनेका (कोभिसिल्ड)' खोप लगाएका व्यक्तिले दोस्रो मात्रा 'भेरोसेल' खोप लगाउँदा अझै बढी प्रभावकारी हुन्छ भन्ने आधार पुष्टि नभएको बताएको छ ।

"पहिलो मात्रा 'एस्ट्राजेनेका (कोभिसिल्ड)' खोप लगाएका व्यक्तिले दोस्रो मात्रा 'भेरोसेल' खोप लगाउँदा अझै बढी प्रभावकारी हुन्छ भन्ने भन्ने गलत समाचारप्रति डब्लुएचओ ध्यानआकर्षण गराउन चाहन्छ", डब्लुएचओले जारी गरिएको विज्ञप्तिमा भनिएको छ, "डब्लुएचओले यस किसिमको कुनै पनि बयान जारी गरेको छैन र यो झूटो आरोप हो ।

यस किसिमका गलत सूचनाले जनताको स्वास्थ्यमा गम्भीर परिणाम निम्त्याउन सक्छ ।"डब्लुएचओले दुई भिन्न किसिमका खोप लगाउँदाको प्रभावकारिताका बारे सीमित तथ्याङ्क मात्र उपलब्ध भएको जनाएको छ ।

विज्ञप्तिमा भिन्न किसिमका खोपको प्रयोग र प्रभावकारिताका विषयमा अध्ययनहरु भइरहेको र एस्ट्राजेनेका (कोभिसिल्ड) खोपको साटो (दोस्रो मात्रामा) भेरोसेल खोप लगाउन मिल्छ भन्ने निर्ष्कषमा पुग्नका लागि पर्याप्त वैज्ञानिक प्रमाण आवश्यक रहेको जनाइएको छ ।रासस

# स्वास्थ्य क्षेत्रमा बजेट अभाव हुँदैन : मुख्यमन्त्री नेपाली

काठमाण्डु । गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपालीले प्रदेशवासीलाई कोरोना विरुद्धको खोप उपलब्ध गराउन प्रदेश सरकार प्रतिबद्ध रहेको बताउनु भएको छ ।पोखरा महानगरपालिकाको आर्थिक वर्ष २०७८/०७९ को बजेट सार्वजनिक कार्यक्रमलाई विहीवार यहाँ सम्बोधन गर्दै उहाँले कोरोना महामारीमा नागरिकको जीवन रक्षा गर्न बजेटको अभाव नरहने स्पष्ट पार्नुभयो ।

उहाँले भन्नुभयो ‟,कोरोना भाइरसको रोगथाम एवम् नियन्त्रणका लागि तीनै तहका सरकारको समन्वय आवश्यक छ । सङ्घले अनुदानका रुपमा पाउने र खरिद गर्ने वाहेक पनि निजी क्षेत्रबाट खोप खरिद गर्न सकिने प्रावधानका बारेमा समेत प्रदेश सरकारले अध्ययन गरिरहेको छ । 'सङ्घीयताको आधारस्तम्भ स्थानीय तहलाई थप बलियो र अधिकार सम्पन्न गराउन सङ्घ र प्रदेश सरकार लाग्नुपर्नेमा जोड दिँदै उहाँले स्थानीय तहको संस्थागत विकासका माध्यमबाट लोकतन्त्रलाई सुदृढ बनाउनुपर्छ भन्नुभयो ।

उहाँले संविधानमा उल्लेखित साझा अधिकारका सूची कार्यान्वयनमा साझा दृष्टिकोण भने बनाउनुपर्ने आवश्यकता औल्याउँदै विकास निर्माण र राजश्वका योगदानमा समेत स्थानीय तह र प्रदेश सरकारबीच थप साझेदारी र सहकार्यको खाँचो औल्याउनुभयो । उहाँले कोरोना नियन्त्रण र प्राकृतिक प्रकोप पीडितको व्यवस्थापनमा प्रदेशले बनाएका योजनामा महानगरबाट सहयोगको अपेक्षा गरेको र प्रदेशको प्राथमिकतामा रहेको कोरोला, पोखरा, त्रिवेणी सडकका निर्माणमा समेत सहकार्य गर्न सकिने बताउनुभयो ।

प्रदेश सरकारले घोषणा गरेको स्तन क्यान्सरको निशुल्क उपचार, ६५ वर्ष माथिका जेष्ठ नागरिकहरुको सरकारी अस्पतालमा निःशुल्क उपचार, विपन्न बस्तीमा मुख्यमन्त्री कार्यक्रममा पनि स्थानीय तहसंग सहकार्य गर्न सकिने मुख्यमन्त्री नेपालीले विश्वास व्यक्त गर्नुभयो । सो अवसरमा उहाँले महानगरले प्रकाशन गरेको कानुनहरुको संगालोको सार्वजानिक समेत गर्नुभएको थियो ।

महानगरपालिकाको चालु बजेट रु ६ अर्ब २७ करोड ७५ लाख नगर सभामा महानगरपालिकाका उपप्रमुख मञ्जुदेवी गुरुङले आगामी आर्थिक वर्षका लागि रु ६ अर्ब २७ करोड ७५ लाखको बजेट सार्वजनिक गर्नुभयो ।

विनियोजित बजेटमध्ये चालुतर्फ रु २ अर्ब ९१ करोड,पूँजीगत तर्फ रु ३ अर्ब ३७ लाख छ । महानगरले चालु आवका लागि रु ५ अर्ब ७२ करोडको बजेट ल्याइएको थियो ।

सार्वजनिक गरिएको बजेटमा केन्द्रगत खर्च तर्फ रु ८८ करोड ८६ लाख,सामाजिक विकास तर्फ रु १२ करोड ७९ लाख ८९ हजार, शिक्षातर्फ रु १ अर्व ४२ करोड ८७ लाख ३५ हजार, कृषित र्फ रु १४ करोड ४९ लाख , स्वास्थ्यतर्फ रु ४० करोड २२ लाख, वडाकार्यालयतर्फ रु ४१ करोड ६० लाख, पूर्वाधार विकासमा रु २ अर्ब ८६ करोड ९० लाख प्रस्ताव गरिएको छ ।

महानगरपालिका प्रमुख मानबहादुर जिसीको अध्यक्षतामा भएको नीति तथा कार्यक्रम एवम् बजेट माथि छलफल जारी छ ।रासस

# चार अनलाइन सञ्चारमाध्यम कालोसूचीमा

काठमाण्डु । प्रेस काउन्सिल नेपालले पत्रकार आचारसंहिता उल्लङ्घन गरी पटकपटक काउन्सिलको निर्णय/निर्देशन अवज्ञा गर्ने चार अनलाइन सञ्चारमाध्यम (न्युजपोर्टल) लाई अवज्ञाकारी, कालोसूचीमा राखेको छ । काउन्सिलले २०७७ को साउनदेखि २०७८ असार पहिलो हप्तासम्म कालोसूचीमा परेका न्यूजपोर्टल इहिमालयटाइम्स डटकम, वीरगञ्जसिटी डटकम, एनआरएनखबर डटकम र कोशीपाटी डटकमलाई अवज्ञाकारी, कालोसूचीमा राखेको हो ।

इहिमालयटाइम्स डटकमलाई नियमानुसार दर्ता/सूचीकरण भएको नदेखिएकाले नेपालभित्र सम्प्रेषण हुन नसक्ने व्यवस्थाका लागि दूरसञ्चार प्राधिकरणलाई पत्राचार गर्ने निर्णय भएको काउन्सिलका प्रवक्ता दीपक खनालले जानकारी दिनुभयो ।

त्यसैगरी २०७७ साउनदेखि २०७८ असार ९ गतेसम्म ४५० वटा स्वअनुगमन भएका छन् । पछिल्लो १५ दिनको अवधिमा १३ वटा स्वअनुगमन भएका छन् । जसमध्ये ८ न्यूजपोर्टललाई ध्यानाकर्षण, ४ वटालाई सचेत, एक सञ्चारकर्मीलाई सचेत र १ सञ्चार विज्ञलाई ध्यानाकर्षण गराइएको छ । रासस

# भारतमा सङ्क्रमण घट्दो



सिन्ह्वा

नयाँ दिल्ली । भारतमा हाल जारी रहेको कोभिड १९ को दोस्रो लहर घट्दो क्रममा देखिएको छ । पछिल्ला केही हप्तामा सङ्क्रमणको दर घटेको पाइएको छ । यता यस्तो अवस्था रहे पनि भारतका जनस्वास्थ्यविद्हरुले भने समयमा यहाँ तेस्रो लहर आउन सक्ने भन्दै खतराको घन्टी थिच्न थालेका छन् । पछिल्लो समयमा भारतमा यसरी घट्दो क्रममा सङ्क्रमित देखिन थालेपछि यहाँको सरकारले यसअघि लगाएका प्रतिबन्धहरुलाई केही खुकुलो बनाएको छ । यसरी खुकुलो बनाएपछि नागरिकहरु सडकमा निस्किन थालेका छन् । उनीहरुले सामाजिक दुरी कायम गर्ने तथा अरु जनस्वास्थ्यका आधारभूत मापदण्डहरु पनि पालना गर्न छोडेका छन् । जसका कारण फेरि भारतमा अर्को खतरा आउन सक्नेतर्फ जनस्वास्थ्यविद्हरुले सरकारलाई सचेत बनाएका छन् ।

बुधबार बिहान मात्र भारतमा ५० हजार ८४८ जना नयाँ सङ्क्रमित थपिएका छन् । गएको २४ घन्टामा त्यहाँ बुधबार मात्र ती सङ्क्रमित थपिएको यहाँको स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जानकारी दिएको हो । यो समेत गरी भारतमा अहिलेसम्ममा कम्तीमा पनि ३ करोड सङ्क्रमित्र पुगेका हुन् । यहाँ ३ करोड २८ हजार ७०९ जना सङ्क्रमित पुगेका हुन् ।

त्यस्तै यहाँ यो सङ्क्रमणबाट मृत्यु हुने व्यक्तिको सङ्ख्या पनि झण्डै चार लाखको नजिक पुग्दैछ । भारतमा कोरोना भाइरसका सङ्क्रमितहरुमध्ये ३ लाख ९० हजार ६६० जनाको ज्यान गएको छ । यहाँ केही समय अघिसम्म हरेक दिन २ हजार भन्दा पनि बढी सङ्क्रमितहरुको ज्यान जाने गरेको थियो । तर अहिले सो अवस्थामा पनि कमी आएको छ । यहाँ अहिले मृत्यु हुनेको सङ्ख्या पनि उल्लेख्य मात्रामा घट्दै गएको देखिएको छ ।

पछिल्लो समयमा निको हुने दरमा पनि बृद्धि भएको छ । भारतमा पछिल्ला हप्ताहरुमा सङ्क्रमितहरुको निको हुने दरमा बृद्धि भएर ९६.५६ प्रतिशत पुगेको छ ।

यो अवस्थाले यहाँको केन्द्र सरकार तथा राज्य तथा स्थानीय सरकारहरुलाई पनि शान्तिको सास फेर्न त दिएको छ तर पनि यो अवस्था भनेको महामारी सबै घटेको तथा सबै सङ्क्रमितहरु नै निको भएको अवस्था भने नभएको विज्ञहरुले चेतावानी दिएका छन् । उनीहरुले भनेका छन् कि- यसरी पछिल्ला दिनहरुमा सङ्क्रमितहरु घट्दै जाँदा अब सबै ठिक भयो भनेर सरकार हरुले प्रतिबन्धहरु सबै फुकुवा गर्ने र नागरिकहरुले पनि जनस्वास्थ्यका मापदण्डहरु पालना नै नगर्नु भने मुर्खता हुनेछ, यसले अर्को सङ्कटलाई निम्ता दिन सक्छ ।

यसको मतलब भारत हाल जारी नै रहेको यो दोस्रो लहर कति खतरनाक थियो, कति जना मानिसले सास फेर्न नपाएर अर्थात् अक्सिजन नै नभएर मृत्युवरण गर्नुपर्‍यो, चिकित्सकहरुले पनि कसरी आफैले र विरामीका लागि अक्सिजनको मात्रा आपूर्ति गर्न पाएनन् भन्ने कुरा भने सबैलाई छर्लङ्गै थाहा छ । अक्सिजन मात्र होइन कि आवश्यक औषधीहरु, अस्पतालका शय्या तथा अरु आवश्यक पूर्वाधारका लागि अस्पतालको उपलब्धता नै हुन नसकेको अवस्था पनि सबैलाई र खासगरी नीति निर्माताहरुलाई पनि थाहा नै छ ।

यो अवस्था आफूहरुले देखेकै भएकाले पनि अब आउन सक्ने सम्भावित तेस्रो लहरलाई मध्यनजर गरेर हाल विज्ञहरुले गरेका अनुरोधहरुलाई खासमा यहाँको सरकारका प्रतिनिधि र नीति निर्माताहरुले बेवास्ता गरेको बताएका छन् । स्वास्थ्य विज्ञहरुले यस्तो चेतावनी दिँदा दिँदै पनि सरकारले विगतमा विभिन्न राज्यमा निर्वाचन गर्ने, कुम्भ मेलाजस्तो आममानिसहरु जम्मा हुने कार्यक्रमलाई अनुमति दिने गरेकाले यो दोस्रो लहरको लागि बल पुर्‍याएको र अहिले पनि अब केही समयमै सरकारले यस्ता क्रियाकलापहरुलाई अनुमति दिनसक्ने भन्दै त्यसको विरोध गरिरहेका छन् ।

**सतर्कताका लागि आग्रह**

यता सङ्क्रमित घटेका समाचारहरु आउन थालेदेखि नै पछिल्लो समयमा यहाँका केन्द्रीय तथा स्थानीय सरकारहरुले प्रतिबन्ध हटाउने काममा उदार भएका छन् । जसकाकारण यहाँका रेलमार्ग, होटल रेष्टुरेन्ट, सपिङमलहरु आदिमा ठूलो भिडभाड लाग्न थालेको छ । नयाँ दिल्लीको रेल स्टेसनमा पनि हालैका दिनमा हजारौँ जनाको भिडभाड नै देखिन थालेको छ । सपिङमलहरुको अवस्था त्यस्तै छ । यो देखेर पनि यहाँका जनस्वास्थ्य विज्ञहरुले अर्को लहरको सम्भावना झन् नजिकिँदै गरेको भनेर चेतावनी दिएका छन् ।

दिल्लीको उच्च अदालतले गत हप्ता मात्र पछिल्लो समयमा देखिएको यस्तै भिडभाडपछि जनस्वास्थ्यका मापदण्डहरु कडाइका साथ पालना गराउन सरकारका नाममा आदेश दिएको छ । सो अदालतले जनस्वास्थ्य विज्ञहरुले हाल देखाइरहेको सम्भावित तेस्रो लहरलाई रोक्नका लागि स्वास्थ्यका मापदण्डहरु पालना गराउने नै एकमात्र विकल्प देखिएको भन्दै सरकारका नाममा यो आदेश जारी गरेको थियो । यदि यी मापदण्डहरु पालना गराउन सकिएन भने मानिसहरुकै कारण हामी धेरै ठूलो समस्यामा पर्नेछौँ पनि भनेको छ । अहिले त दिल्लीमा पनि व्यापार व्यवसाय खुलेको छ । जसका कारण ठूलो जनसङ्ख्या रहेको भारतका नागरिकहरुको उपस्थिति दिनप्रतिदिन बढ्दै गएको छ । यो देखेर यहाँका चिकित्सकहरुले त भारतले दोस्रो भन्दा पनि तेस्रो लहरमा झन् ठूलो समस्या भोग्नुपर्ने अवस्था आउने बताइरहेका छन् । उनीहरुले मानिसहरुको बढ्दो जमघट नै ठूलो समस्या भएर आउने चेतावनी दिएका छन् ।

अल इन्डिया इन्स्टिच्युट अफ मेडिकल साइन्स् (एआइएमएस) का निर्देशक रन्दिप गुलरियाले गत हप्ता भन्नुभएको थियो- भारतमा कोभिड १९ को तेस्रो लहर आगामी छदेखि आठ हप्तासम्ममा आउन सक्छ र यो दोस्रो लहरजत्तिकै र अझ त्यो भन्दा पनि बढी हुनसक्छ । उहाँले गतहप्ता मात्र भन्नुभएको थियो- तेस्रो लहर आगामी छदेखि आठ हप्तासम्ममा आउन सक्छ र सामान्यतया त्यो भन्दा थोरै ढिला हुन पनि सक्छ । तर त्यसको आगमन भने हामीले अब गर्ने व्यवहार र आगामी दिनमा गरिने जनस्वास्थ्यका मापदण्डहरुको पालनाले पनि निर्धारण गर्नेछ ।

उहाँले भन्नुभएको थियो- हामीले पहिलो र दोस्रो लहरको महामारीबाट कति दुःख पायौँ भन्ने कुरा सबैले बुझ्नुपर्ने हो । हामीले त्यसबाट भएको जनधनको क्षतिबाट पनि धेरै सिक्नुपर्ने हो । तर पछिल्ला दिनहरुमा बढ्दो भिडभाड र सरकारले एकपछि अर्को गरी प्रतिबन्धहरु फुकाउँदै गएकोले विगतबाट हामीले पाठ सिक्यौँ जस्तो लाग्दैन । मलाई लाग्छ अब आउने सम्भावित तेस्रो लहरले हामीलाई अझ बढी क्षति दिनसक्छ भन्ने डर मलाई लागिरहेको छ ।

विश्व स्वास्थ्य संगठनको क्षेत्रीय अधिकारी प्रकास नारायणको धारणा पनि त्यस्तै छ । उहाँले सङ्क्रमितहरुको सङ्ख्या केही घटेका समाचारहरु आउँदैमा युद्ध नै जितेजस्तो गरेर सरकारले पनि लकडाउन हटाउने र नागकिहरु पनि हजारौँको सङ्ख्यामा सडकमा निस्किने गर्नु दुःखद छ भन्दै समयमै सतर्कता अपनाउन आग्रह पनि गर्नुभयो ।

**सुस्त खोप अभियान**

हुनत भारतको जनसङ्ख्या पनि यहाँको कोरोना विरुद्धको खोप अभियानका लागि एक चुनौती नै हो । भारतको स्वास्थ्यसँग सम्बन्धित एक थिंक ट्याङ्क संस्था नेसनल इन्स्टिच्युट फर ट्रान्सफर्मिङ इन्डियाका सदस्य भि के पाउलले कोरोना विरुद्धको खोपले ९४ प्रतिशतसम्म सुरक्षा दिएको अनुसन्धानले देखाएको बताउनुहुन्छ । साथै कोरोनाको खोप दिएपछि यसका सङ्क्रमितहरुमध्ये कम्तीमा पनि ७८ देखि ८० प्रतिशत मानिसलाई अस्पताल भर्ना गर्नु नपर्ने देखिएको पनि उहाँले बताउनुभयो ।

भारतमा यसैवर्षको जनवरी १६ देखि कोरोना विरुद्धको खोप लगाउने अभियान सञ्चालन गरिएको हो । तर अहिलेसम्ममा यहाँका जम्मा पाँच करोड वयस्क मानिसलाई मात्र दुवै मात्रा खोप दिइएको छ ।

खोपको दुवै मात्रा लिने यो सङ्ख्या भारतको वयस्क उमेरको जम्मा पाँच प्रतिशत मात्र हुन आउँछ । यो भारतको स्वास्थ्य मन्त्रालयलकै तथ्याङ्क हो । सो मन्त्रालयले जनाएअनुसार तर देशव्यापी रुपमा २९ करोड ४० लाख मानिसलाई पहिलो मात्रा मात्र खोप दिइएको छ ।

उता भारतले यसै वर्षको अन्त्यसम्ममा देशका सबै नागरिकलाई खोप दिइसक्ने लक्ष्य भने लिएको छ । तर सरकारको खोप अभियानको अहिलेको गति अति सुस्त भएकोले विज्ञहरुले त्यो सम्भव देखेका छैनन् । उनीहरुका अनुसार यदि सरकारले यो लक्ष्य पूरा गर्ने हो भने यहाँ हरेक दिन कम्तीमा पनि १० लाख मानिसलाई खोप लगाउनुपर्छ । (अनुवाद- एकराज पाठक)

# विश्व टेष्ट च्याम्पियनसिपको उपाधी न्युजिलैण्डलाई



एजेन्सी

जनकपुरधाम । पहिलो विश्व टेस्ट च्याम्पियनसिप क्रिकेटको उपाधि न्युजिल्याण्डले जितेको छ । भारतलाई आठ विकेटले हराउँदै न्युजिल्याण्ड पहिलो संस्करणको च्याम्पियनसिपको उपाधि जित्न सफल भएको हो ।

इङ्ल्याण्डको साउथ ह्याम्प्टनमा भारतले दिएको एक सय ३९ रनको लक्ष्य न्युजिल्याण्डले दुई विकेट गुमाएर भेटायो । डेवन काँन्वेले १९ रन जोड्दा टाँम लेथमले ९ रन जोडे । दुवै विकेट आर अश्विनले लिए ।

४४ रनमा ओपनरलाई गुमाएपछि न्युजिलैण्डलाई कप्तान केन विलिमसन र रोस टेलर सम्हालेका थिए । दुवै जनाले थप क्षति हुन नदिई लक्ष्यसम्म पुर्‍याए । उसका लागि केन विलियम्सनले नटआउट ५२ र रोस टेलरले ४७ रन बनाए । यसअघि दोस्रो पालीमा भारत एक सय ७० रनमा अलआउट भएपछि न्युजिल्याण्डले सजिलो लक्ष्य पाएको थियो । भारतको दोश्रो पालीमा टिम साउथीले चार विकेट लिए भने ट्रेन्ट बोल्ट ३, जैमिसन दुई विकेट लिदा निल वागनरले एक विकेट हात पारे । भारतको लागि विकेटकिपर ब्याट्सम्यान रिषभ पन्तले सर्वाधिक ४१ रन जोडे । रोहित शर्माले ३० रन जोड्दा रविन्द्र जडेजाले १६ रनको योगदान गरे । चेतेश्वर पुजारा र अजिंक्ये रहाणेले १५/१५ रन जोड्दा कप्तान विराट कोहली र मो. सामीले समान १३/१३ रनको पाली खेले । शुभमन गिलले ८ र अश्विनले सात रन जोडे । टेष्टमा सात विकेट लिएका जैमिसनलाई खेलको म्यान अफ दी म्याच प्रदान गरियो ।

पहिलो पालीमा भारतले दुई सय १७ र न्युजिल्याण्डले दुई सय ४९ रन बनाएका थिए । पटक पटक पानी परेपछि रिजर्भ डे को रुपमा छैठौँ दिनको खेल भएको थियो । विश्व विजेता न्युजिल्याण्डले १६ मिलियन अमेरिकी डलर अर्थात झण्डै १८ करोड रुपैयाँ बराबरको पुरस्कार पाएको छ । दुवै टोली बीच न्युट्रल मैदानमा फाइनल म्याच खेलिएको थियो । एक म्याचको आधारमा च्याम्पियन छनौट भएपछि भारतीय कप्तानले आइसीसीको उक्त नियम सच्चाउनुपर्नेमा जोड दिए । उनले बेष्ट अफ थ्रीको आधारमा च्याम्पियनको छनौट गर्नुपर्ने तर्क गरेका थिए । न्युजिलैण्ड टोली इंग्लैण्डको वातावरण अनुकूल आफुलाई तयार गर्न सफल भएका थिए भने भारतीय खेलाडीहरु सोझै म्याचमा उत्रेका थिए । पूर्व तयारी राम्रो रहेकोले न्युजिलैण्डले भारतको तुलनामा उत्कृष्ट खेलको प्रदर्शन गरेका छन् ।

# स्पेनमा हुने भनिएको खेल स्थगित

काठमाण्डु । स्पेनमा हुने भनिएको आइसिसी विश्वकप क्रिकेट लिग-२ अन्तर्गत नेपाल, स्कटल्याण्ड र नामिबियाबीचको त्रिकोणात्मक एकदिवसीय सिरिज स्थगित भएको छ ।

कोभिड-१९ का कारण स्पेनमा तय भएको उक्त सिरिज एक वर्षका लागि स्थगित भएको नेपाल क्रिकेट सङ्घ (क्यान) का सचिव अशोकनाथ प्याकुरेलले जानकारी दिनुभयो । उक्त सिरिज जुलाई अन्तिममा हुने तालिका रहेको थियो ।

क्यानका सचिव प्याकुरेलका अनुसार सिरिज सन् २०२२ जुलाईसम्मका लागि स्थगित भएको छ । उक्त प्रतियोगिताका लागि नेपालले यही असार ८ गतेदेखि बन्द प्रशिक्षण शुरु गरेको थियो । लिग-२ अन्तर्गत नेपालले घरेलु मैदानमा ओमान र अमेरिकासँग चार खेल खेलिसकेको छ । लिगमा नेपालले चार खेलमा चार अङ्क जोडेको छ । नेपाल छैटौँ स्थानमा रहेको छ । ओमान १० खेलमा १६ अङ्क जोडेर शीर्ष स्थानमा रहेको छ । बाह्र खेलमा १२ अङ्क जोडेको अमेरिका दोस्रो स्थानमा रहेको छ ।

# ब्राजिलमा कोरोनाबाट मृत्यु घटेन



सिन्ह्वा

साओ पाओलो । ब्राजिलमा कोभिड-१९ को सङ्क्रमणबाट मृत्यु हुने व्यक्तिको संख्या घट्न नसकेको बताइएको छ । यहाँ गत २४ घण्टामा कोरोना भाइरस सङ्क्रमणबाट दुई हजारभन्दा बढीको ज्यान गएको स्वास्थ्य अधिकारीले दिएका छन् । उक्त समयमा कोरोना भाइरस सङ्क्रमणबाट दुई हजार १३१ जनाको निधन भएको हो । ब्राजिलमा कोरोना भाइरसको सङ्क्रमण शुरु भएयता हालसम्म यस प्रकोपबाट ज्यान जाने व्यक्तिको संख्या पाँच लाख नाघेको छ । यहाँका स्वास्थ्य अधिकारीले दिएको जानकारीअनुसार ब्राजिलमा अहिलेसम्म अर्थात् मंगलबार सम्ममा पाँच लाख चार हजार ७१७ जनाको कोरोना भाइरसको सङ्क्रमणबाट ज्यान गएको बताइएको छ ।

यहाँ सन् २०२० फेब्रुअरी २६ बाट शुरु भएको कोरोना भाइरसको सङ्क्रमणबाट नागरिकको निरन्तररुपमा मृत्यु भइरहेको ब्राजिलको स्वास्थ्य मन्त्रालयले जानकारी दिएको विभिन्न अन्तरराष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन् । त्यसैगरी मंगलबारसम्म एक करोड ८० लाख ५४ हजारभन्दा बढी नागरिक सङ्क्रमित भएका पनि बताइएको छ । त्यस्तै मंगलबार २४ घण्टाअघि देखिका गरी ब्राजिलमा ८७ हजारभन्दा बढी व्यक्तिमा कोरोना भाइरस सङ्क्रमण देखिएको पनि जानकारी दिइएको छ । ब्राजिलको स्वास्थ्य मन्त्रालयले दिएको जानकारीमा यहाँ पछिल्लो समयमा मृत्यु हुनेको संख्या केही हप्ता अघि घटेको देखिएको भए पनि उल्लेख्य मात्रामा भने घट्न सकेको छैन । ब्राजिलको साओ पाओलो शहर शुरुदेखि नै यो सङ्क्रमणको केन्द्रविन्दुको रुपमा रहेको पनि पाइएको छ ।

ब्राजिल कोरोना भाइरस सङ्क्रमणको कारण संयुक्त राज्य अमेरिकापछि सबैभन्दा बढी नागरिकको ज्यान जाने देशको रुपमा परेको छ । यहाँका आठ करोडभन्दा बढी मानिसले कोरोना भाइरसविरुद्धको खोप लगाइसकेका छन् । पछिल्लो समयमा धेरै नागरिकमा खोप लगाइएको छ तर पनि सङ्क्रमण भने घट्न सकेको छैन ।

# चीनमा तीन करोड २९ लाख ज्येष्ठ नागरिकले पाए राहत

सिन्ह्वा

बेइजिङ । चीनमा झण्डै तीन करोड २९ लाख ज्येष्ठ नागरिकले सरकारका तर्फबाट विभिन्न किसिमका राहत सुविधा प्राप्त गरेका छन् । सरकारी बिहीबार सार्वजनिक गरेको श्वेत पत्रमा मार्च २०२१ मा ज्येष्ठ नागरिकहरुले नर्सिङ सुविधा समेत पाएको उल्लेख छ ।

चिनियाँ कम्युनिष्ट पार्टीको राज्य परिषद कार्यालयद्वारा सार्वजनिक गरिएको मानव अधिकार सम्बन्धी दस्तावेजमा राज्यका सबै नागरिकलाई समान व्यवहार र सम्मान प्रदान गरिएको बताइएको छ । यसैबीच, एक करोड ४८ लाख ज्येष्ठ नागरिकले खाद्यान्न सहायता तथा अति कठिनाईको सामना गरिरहेका ३८ लाख ज्येष्ठ नागरिकलाई विशेष अनुदान सहायता प्रदान गरिएको छ ।

सन् २०२१ को मार्च महिनामा चीनका तीन लाख ३० हजार भन्दा बढी संस्थाले ज्येष्ठ नागरिकका लागि अस्पतालहरुमा ८२ लाखभन्दा बढी शैया उपलब्ध गराएको पनि श्वेतपत्रमा उल्लेख छ । यसैगरी, चीनका जनताको औसत आयु सन् २०१९ मा ७७.३ वर्ष पुगेको पनि श्वेतपत्रमा जनाइएको छ । सन् १९४९ मा चीनमा औसत आयु ३५ वर्षमात्र थियो । मातृ तथा प्रसूति मातृ मृत्युदर पनि घटेको छ । रासस

# फिलिपिन्सका पूर्व राष्ट्रपति अक्वीनोको निधन

एएनआई

मनिला । फिलिपिन्सका पूर्व राष्ट्रपति बेनिग्नो अक्वीनोको ६१ वर्षको उमेरमा बिहीबार बिहान निधन भएको छ । लामो समयदेखि सख्त बिरामी पर्नु भएका अक्वीनो सन् २०१० देखि २०१६ सम्म फिलिपिन्सको राष्ट्रपति हुनुहुन्थ्यो ।

उहाँको शासनपछि फिलिपिन्सको राष्ट्रपति रोड्रिगो डुटर्टे बन्नु भएको थियो । फिलिपिन्सको सर्वोच्च अदालतका न्यायाधीश मार्भिक लियोनेनले एक विज्ञप्ति प्रकाशन गरी पूर्व राष्ट्रपति अक्वीनोको निधनको खबरले आफूलाई स्तब्ध बनाएको बताउनु भएको छ ।

अमेरिकी समाचार संस्था सिएनएनका अनुसार "नोयनोय" का उपनामले चिनिने अक्वीनको फिलिपिन्सको राजधानीस्थित क्यापिटोल मेडिकल सेन्टरमा निधन भएको थियो । फिलिपिन्सका अर्थशास्त्री समेत रहनु भएका अक्वीनोले सन् १९९८ मा राजनीतिमा आउनु अघि चिनीको व्यापार गर्नुहुन्थ्यो ।

सन् २००७ मा सिनेटमा निर्वाचित हुनुअघि उहाँ तीन पटक प्रतिनिधिसभाको सदस्य चुनिनु भएको थियो । फिलिपिन्सका लोकप्रिय प्रजातान्त्रिक नेता सिनेटर बेनिग्नो "निनोय" अक्वीनो र पूर्व राष्ट्रपति कोराजोन अक्वीनोका एक मात्र छोरा हुनुहुन्थ्यो ।


## ।। हार्दिक श्रद्धाञ्जली ।।



जन्म मिति
सन् १९३९

स्व. किसोरी चौधरी

देहावसान मिति
सन् २०२१/०६/१८

जनकपुरधामका अत्यन्त प्रतिष्ठित उद्योगी, व्यवसायी एवं समाजसेवी मेरो आदरनिय भिनाजु **किसोरी चौधरी**को मिति २०७८/०३/०४ गते शुक्रवार ८२ वर्षको उमेरमा देहावसान भएको खबरबाट हामी मर्माहत भएका छौ ।असिम शोकको घडीमा दिवंगत आत्माको चीरशान्तिका लागि माता जानकीसित प्रार्थनागर्दै शोकाकुल परिवारजनमा धैर्यधारण गर्ने शक्ति भगवान श्याम बाबाले प्रदान गरुन् भने कामना गर्दछौ ।

**विजय कुमार अग्रवाल**
एवं
रोयल डेकोर परिवार
जनकपुरधाम



रोपाई गर्नका लागि खेत जोत्दै स्थानिय कृषक । यसपाली समयमै बर्षा शुरु भएसँगै यहाँका किसानलाई रोपाई गर्नमा चटारो छ। *तस्वीर : रासस*

# पशुपति क्षेत्रका सबै खाली स्थानमा गुर्जो रोपिने

काठमाण्डु । पशुपति क्षेत्रमा रहेको खाली स्थानमा मानव शरीरमा रोग प्रतिरोधी क्षमता विकास गर्न सहयोग गर्ने वनस्पति गुर्जो रोपण अभियानलाई तीव्र बनाइएको छ। य स वर्ष गत शनिबारदेखि पशुपति क्षेत्रमा गुर्जो रोपण अभियान शुरु भएको हो । गत वर्ष रोपिएका गुर्जोका बिरुवामध्ये एक हजार ५०० हुर्किएको अभियानकर्मी कमलबहादुर राजलवटले जानकारी दिनुभयो। यस वर्ष पनि शनिबार र बुधबार गरी ६०० बिरुवा पशुपति क्षेत्र किवास कोषको कार्यालय परिसरलगायत स्थानमा रोपिएको उहाँले बताउनुभयो । आगामी शनिबार पनि पशुपति क्षेत्रका खाली स्थानमा गुर्जो रोपिने जनाइएको छ।

पशुपति क्षेत्रका वनकाली, कैलाशडाँडा, मृगस्थली, गुह्येश्वरी, ध्रुवस्थली, भण्डारखाल, सिफललगायत स्थानमा गुर्जो रोपण गर्न लागिएको हो। गुर्जो रोपणमा अभियानकर्मी राजलवट, पूर्वसहसचिव एवं योग शिक्षक किशोर जोशीलगायत कोषका पदाधिकारी एवं कर्मचारी सक्रिय हुँदै आउनुभएको छ।

विसं २०७६ चैतमा कोरोना महामारी फैलिएर बच्न बन्दाबन्दी जारी गरिएदेखि नै गुर्जोका बिरुवा रोपण अभियानमा लाग्नुभएका राजलवटले यस वर्ष पनि अभियानलाई निरन्तरता दिनुभएको हो । यस वर्ष वर्षाद शुरु भएसँगै चार हजार बिरुवा आफैँ उपस्थित भएर रोपिएको उहाँको भनाइ छ। गत वर्ष उहाँले एक लाख ६० हजार गुर्जोका बिरुवा देशभर निःशुल्क वितरण गर्नुभएको थियो ।

यस वर्ष कीर्तिपुरको राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्र, पृथ्वीनारायण शाहलाई कीर्तिपुरका सेनाले लखेटेको स्थलमा बनाइएको युद्ध पार्क, धुलिखेल अस्पताल चौर र मनोहरा नदी किनारमा गुर्जो रोपण भएको छ । वाग्मती नदी किनारको तीनकुने पुलबाट शङ्खमूलसम्म नदी किनारको दायाँ बायाँ पनि शनिबार नै गुर्जो रोप्ने कार्यक्रम तय गरिएको छ।

गुर्जो रोपणसँगै गुर्जोबाट बनेको चिया, धुलो औषधि पनि निःशुल्क वितरण गरिएको थियो। गुर्जोबाट बनेका परिकारको माग तीव्र भइरहेकाले एक घर एक गुर्जो रोपण अभियान चलाइएको अभियानकर्मी राजलवट बताउनुहुन्छ । 'यस्य देशस्य यो जन्तो : तस्य तद् औषधं हितम्' अर्थात् मानिसलाई त्यही स्थानको जडिबुटीले औषधिको काम गर्छ भन्ने आयुर्वेदशास्त्रको वचन अनुसार बहुगुणी वनस्पति गुर्जो रोपण अभियानलाई तीव्रता दिइएको अभियानकर्मी राजलवटले बताउनुभयो । गुर्जोसँगै अन्य औषधीय गुणले युक्त वनस्पति पनि रोपिँदै आएको अभियानकर्मीहरु बताउँछन् । आन्तरिक राजश्व कार्यालय लहानको कार्यालय प्रमुख हुँदा त्यहाँको सरकारी आवास क्षेत्रमा बिरुवा उत्पादन गरी उहाँले देशव्यापीरूपमा निःशुल्क वितरण अभियान चलाउनुभएको थियो । हाल आन्तरिक राजश्व कार्यालय धुलिखेलको प्रमुख भई आउनुभएका राजलवटले यो अभियानलाई निरन्तरता दिनुभएको छ।

गुर्जोलगायत वनस्पतिबाट बनेका चिया र धुलोको माग कोरोना बढेका बेला अत्यधिक हुने गरेको छ । शरीरमा रोग प्रतिरोधी क्षमता विकास गरी कोरोना हटाउन यसले मद्दत गरेको अधिकांश सेवनकर्ताको अनुभव छ। अनुभवका आधारमा गुर्जोलगायत जडिबुटीबाट बनेका चिया र धुलोको माग पनि बढेको छ।

पशुपति क्षेत्रको धार्मिक पर्यटन प्रवर्द्धन गर्न आउने आन्तरिक एवं बाह्य पर्यटकका लागि औषधीय गुणले युक्त जडीबुटी उपहार पठाउन सकिने गरी खाली स्थानमा गुर्जो रोपण गर्न लागिएको हो । कोषका कार्यकारी निर्देशक डा घनश्याम खतिवडा पनि यस्ता अन्य वनस्पति रोपणलाई पशुपति क्षेत्रमा तीव्रता दिइने बताउनुहुन्छ। पशुपति क्षेत्रका खाली स्थानमा वृक्षरोपण अभियानलाई समेत निरन्तरता दिइएको उहाँले बताउनुभयो ।रासस

***गुर्जोलगायत वनस्पतिबाट बनेका चिया र धुलोको माग कोरोना बढेका बेला अत्यधिक हुने गरेको छ। शरीरमा रोग प्रतिरोधी क्षमता विकास गरी कोरोना हटाउन यसले मद्दत गरेको अधिकांश सेवनकर्ताको अनुभव छ। अनुभवका आधारमा गुर्जोलगायत जडिबुटीबाट बनेका चिया र धुलोको माग पनि बढेको छ।***

# 'हामी सबैको रहर शिक्षित , सफा, सुन्दर, सुरक्षित र सक्षम विराटनगर'

विराटनगर।विराटनगरमहानगरपालिकाले आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम कार्यान्वयन गर्न रु चार अर्व १० करोड तीन लाख ३८ हजारको अनुमानित बजेट प्रस्तुत गरेको छ।

उपप्रमुख इन्दिरा कार्कीले आज बजेट प्रस्तुत गर्दै कार्यालय सञ्चालन तथा प्राशासनिक खर्चतर्फ रु ४६ करोड ७० लाख ५२ हजार तथा पूँजीगततर्फ रु तीन अर्ब ५८ करोड ३२ लाख ८५ हजार १५ र वित्तीय व्यवस्थातर्फ रु पाँच करोड खर्च हुने अनुमान प्रस्तुत गर्नुभयो । महानगरपालिकाको कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चतर्फ ११ प्रतिशत र पूँजीगततर्फ ८९ प्रतिशत छ।

पूँजीगत खर्चमध्ये पूर्बाधार विकास क्षेत्रमा रु दुई अर्व चार करोड ३९ लाख ३४ हजार ४८, आर्थिक विकास क्षेत्रमा रु १७ करोड ८९ लाख, सामाजिक विकास क्षेत्रमा रु १ अर्व २६ करोड ६९ लाख , सुशासन तथा अन्तर सम्वन्धित(बन वातावरण तथा विपद व्यवस्थापन समेत) क्षेत्रमा रु नौ करोड ३७ लाख खर्च हुने अनुमान गरिएको छ।



महानगरपालिकाले आगामी आवमा ' हामी सबैको रहर शिक्षित , सफा, सुन्दर, सुन्दर , सुरक्षित र सक्षम विराटनगर' नाराका साथ विराटनगरको शहीद रंगशालालाई सुबिधासम्पन्न निर्माण गरी अन्तरराष्ट्रिय स्तरको खेलकूद गतिबिधि सञ्चालन गर्ने,हाटखोला मैदानमा खेलकुद एकेडमीको विकास गर्ने नीति तथा कार्यक्रममममा उल्लेख छ।

यसैगरी कोभीड-१९ महामारीको रोकथाम, उपचार र नियन्त्रणका लागि ठोस कार्यक्रम कार्यान्वयन गर्ने,गर्भवती र जेष्ठ नागरिकलाई निःशुल्क एम्बुलेन्स सेवा प्रदान गर्ने,राष्ट्रिय खोप अभियानलाई वडास्तरमा प्रभावकारी रुपमा सञ्चालन गर्ने, वडा नं १५ र १९ मा १५ श्ययाको अस्पताल निर्माण गरी सञ्चालन गर्ने लगायतका कार्यक्रम छन् । महानगर प्रमुख भीम पराजुलीले नीति तथा कार्यक्रम प्रस्तुत गर्नु'भएको थियो ।रासस

# कोशी गाउँपालिकाको बजेट रु ४८ करोड

इनरुवा । सुनसरीको कोशी गाउँपालिकाले आर्थिक वर्ष २०७८/०७९ का लागि रु ४८ करोडको बजेट, योजना, नीति तथा कार्यक्रम सर्वजनिक गरेको छ । गाउँपालिकाका अध्यक्ष अयुव अंसारीले आठौं गाउँसभामा बुधबार रु ४८ करोड २ लाख ७३ हजारको बजेट, नीति तथा कार्यक्रम सार्वजनिक गर्नुभएको हो । विनियोजित रकममध्ये चालु खर्चतर्फ रु २५ करोड ५० लाख ७३ हजार र पुँजीगत खर्चतर्फ रु २२ करोड ५२ लाख निर्धारण गरिएको उहाँले जानकारी दिनुभयो।

अध्यक्ष अन्सारीका आुसार 'पर्याप्त पूर्वाधार, गाउँमै रोजगार, कृषि र पर्यटन समृद्धिको आधार' भन्ने मूल नाराका साथ आगामी आर्थिक वर्षको बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गरिएको छ। 'गाउँमा दिगो भौतिक पूर्वाधार, कृषि र पर्यटन समृद्धिको आधार' भन्ने लक्ष्यका साथ प्रत्येक वडामा गाउँका कच्ची सडकलाई कल्भर्ट, ह्युमपाइपसहित ग्राभेल सडकमा स्तरोन्नती गरिने नीति लिएको बताउँदै उहाँले 'एक वडा एक गौरव योजना' कार्यक्रमअन्तर्गत प्रत्येक वडामा कम्तिमा रु पाँच करोड लागतको एउटा योजना पहिचान गरी कार्यान्वयन गर्ने नीति लिएको जानकारी दिनुभयो। गाउँपालिकाले 'एक वडा एक खेल मैदान' को अवधारणा अनुसार गाउँपालिकाभित्र रहेका ऐलानी/सार्वजनिक जग्गालाई संरक्षण गरी खेल मैदान तथा पार्कका रूपमा विकास गर्ने निति लिएको छ।

गाईभैंसी सुन्दरी प्रतियोगितालाई निरन्तरता दिदैं गाउँपालिकाले किसानको मनोबल उच्च पार्न सहभागी कृषकलाई पुरस्कार समेत वितरण गरिने योजना ल्याएको अध्यक्ष अंसारीको भनाइ छ।

सभामा वर्षभर उत्कृष्ट कार्य सम्पादन गरेको भन्दै गाउँपालिकाका तीन जना कर्मचारीलाई नगदसहित पुरस्कृत गरिएको छ । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत खगेन्द्र गिरी, नायब सुब्बा राजकिशोर मेहता र प्राविधिक मुन्ना ठाकुरलाई पुरस्कृत गरिएको गाउँपालिकाका उपाध्यक्ष अनितादेवी यादवले जानकारी दिनुभयो। रासस

# हेटौंडा उपमहानगरपालिकाको बजेट रु दुई अर्ब ६० करोड

हेटौडा । हेटौंडा उपमहानगरपालिकाले आगामी आर्थिक वर्ष २०७८/०७९ को लागि रु दुई अर्ब ६० करोड १५ लाखको बजेट सार्वजनिक गरेको छ । उपप्रमुख मीनाकुमारी लामाद्वारा आज नगरसभामा प्रस्तुत बजेटमा पूर्वाधार विकासमा रु एक अर्ब ३० करोड ४५ लाख, आर्थिक विकासमा रु १२ करोड ९८ लाख, सामाजिक विकासमा रु ६३ करोड रु ९२ लाख, स्वास्थ्य विकासमा रु आठ करोड ७६ लाख विनियोजित गरिएको छ।

संस्कृति प्रवर्द्धनमा रु दुई करोड ३७ लाख, खेलकूद तथा मनोरञ्जनमा रु तीन करोड ७२ लाख , लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमा रु तीन करोड ७ लाख, वातावरण तथा विपद् व्यवस्थापनमा रु पाँच करोड ४४ लाख २२ हजार र संस्थागत विकास सेवा प्रवाह र सुशासनतर्फ रु एक करोड ९१ लाख बजेट विनियोजन गरिएको छ। रासस

# लगनशिल भए कृषिमा पनि भविष्य

धादिङ । खोरभरी बोयर बाख्राको चहलपहल। भर्खर जन्मेका पाठापाठीको म्याँ...म्याँले एउटा गाउँ हरदिन तरंगित बनिरहन्छ। धादिङका ५२ वर्षीय ध्रुवराज विश्वकर्मालाई स्याउलाले खोर सफा गर्दै अनि पाठापाठी स्याहार्दै फुर्सद छैन् ।

उहाँको मेहनतले सिञ्चेका भर्भराउँदा बोयर बाख्रा देख्दा जो कोहीको मन लोभिन्छ । यतिखेर उहाँको खोरमा ८० बाख्रा छन् । जसमा दुई व्याडेसहित १२ बोका, १० पाठापाठी र अरु सबै ६० माऊ छन् । बोयर पाल्न थालेपछि उहाँको नसोचेको प्रगति हुँदैछ । बाख्रालाई घाँस पानी दिदैं उहाँ भन्नुहुन्छ, "एक वर्षमा ५० बाट ८० बनाएँ, आगामी साउन भदौसम्ममा १०० नाघ्छ, अनि त्यसपछि मात्र बिक्री शुरु गर्छु।"

विश्वकर्माले किशोरवयदेखि नै आफ्नै देशमा सुन फलाउने सपना देख्नुहुन्थ्यो । त्यसैले गाउँका धेरै युवा विदेश हानिँदा पनि उहाँको पाइला गाउँबाट छुटेन। कृषि प्रधान देश भए पनि कृषिबाटै उकासिनु भनेको ढुङ्गा फोरेर बाहिर निस्कनु जस्तै थियो। आफ्नै गाउँ धादिङको वेनिघाट रोराङ गाउँपालिका-३ खानीगाउँमा वर्षौं उहाँले पसिना बगाउनुभयो । उकालीओराली, देउराली, भिरालोका पाखापखेरामा के गर्दा होला भनेर आत्मपरीक्षणमा बारम्बार होमिनुभयो।

उहाँ भन्नुहुन्छ, "२०५४ सालमा हातमा हँसिया र कोदालो बोकेर पाखा पखेरा उक्लेको आजै जस्तो लाग्छ, तर २४ वर्ष वितिसक्यो ।" काँचो माटो र हरिया घाँसबीच उहाँले कहिले सफलता त कहिले विफलतासँग पौंठेजोरी खेल्नुपऱ्यो। जति नै ठक्कर खाए पनि हँसिया र कोदालोको साथ भने उहाँले छाड्नु भएन।

काठमाडौं मोडेल कृषि फर्म तथा रिसर्च सेन्टर दर्ता गरेर कृषि कर्म गर्दै आउनुभएका उहाँ शुरुमा कफी, त्यसपछि बाख्रा, बङ्गुर, माछा खेती हुँदै एक वर्षदेखि बोयर जातको बाख्रापालनमा सक्रिय हुनुहुन्छ। उहाँले फेरि नयाँ सोचका साथ २०७७ जेठ २७ गते मकवानपुरको हाँडिगाउँबाट ५० बाख्रा ल्याएर व्यवसाय शुरु गर्नुभएको हो । राम्रो र सस्तो पाइने सुनेर उहाँ बाख्रा किन्न त्यहाँ पुग्नु भएको थियो। नभन्दै सोचेजस्तो भयो। किसान समुहकै बाख्रा प्राप्त भएको उहाँले सुनाउनुभयो।

शुरुमा खरिद गर्दा जिउँदोमा प्रतिकिलो रु एक हजार २०० परेको थियो। अन्य कृषि औजार, खोर निर्माण, दानापानी र अन्य तयारी गर्दा झण्डै रु ५२ लाख लागत लागेको छ। त्यसभित्र १८ रोपनीको घाँससमेत पर्छ। त्यसभित्र प्रतिरोपनी वार्षिक रु तीन हजार भाडा तिरेर १० रोपनी भाडाको जग्गा छ । उक्त जग्गामा बकाइनो, किम्बु, इपिलिपी, बडहर, मरिङ्गा, खनायो, टाँकीलगायतका घाँस रोपिएको छ । घाँसमा मात्रै झण्डै रु तीन लाख लगानी भएको उहाँले सुनाउनुभयो।



विगतमा जमुनापारी र लोकल जातका बाख्रा पालेको अनुभवका कारण उहाँलाई अहिले बोयर पाल्न त्यही कठिनाइ नपरेको बताउनुभयो । उहाँले अहिलेसम्म व्यावसायिक बिक्रीभन्दा पनि खोर विस्तारमा जोड दिँदै आउनुभएको छ । "एक वर्षमै अहिले मूल्याङ्कनमा झण्डै रु ७० लाखको हाराहारी भएको छ", विश्वकर्मा भन्नुहन्छ, "लगानी रु एक करोड पुऱ्याएर व्यावसायिक बिक्री शुरु गर्ने लक्ष्य छ, पाँच वर्षमा लगानी उठाउँछु।"

खोरमा अहिले व्याडे बोका र माउ तयार भएका छन् । अब विस्तारै बिक्री थाल्ने सोच बनाउनुभएका उहाँले बिक्री नभएका बोकालाई खसी बनाएर व्यवसायिक बिक्री गर्ने योजना बनाएको सुनाउनुभयो । मासु प्रतिकिलोमा जिउँदो रु ६०० सम्म जाने र व्याडका लागि रु १५ देखि १८०० सम्म बिक्री हुन्छ। पाठी प्रतिकिलो रु एक हजारसम्म जान्छ।

बाख्रापालनमा केही सरकारी अनुदान भए पनि धेरै ऋण लगानी भएको उहाँको भनाइ छ। वाग्मती प्रदेश सरकारबाट रु १८ लाख अनुदान सहयोग प्राप्त भएको छ । बैंक र सहकारीबाट रु १५/१५ लाखको हाराहारीमा ऋण लिइएको छ । आगामी पाँच वर्षमा लगानी उठाउने योजनाका साथ बोयर विकासमा सक्रिय हुनुहुन्छ विश्वकर्मा । समस्याका बीच विश्वकर्मा कृषिमा भविष्य देख्नुहुन्छ । "तत्कालै प्रतिफल नआउला, तर कालान्तरमा आम्दानी आएरै छाड्छ, कृषिमा भविष्य छ", उहाँ दृढताका साथ भन्नुहुन्छ, "आफूले कृषि पेशा नछाड्नुको मूल कारण पनि त्यही हो।"

**यसरी भयो शुरुआत**

हुन त विश्वकर्मा पुराना किसान हुनुहुन्छ। उहाँ विसं २०५४ देखि नै कृषिको व्यावसायिक खेतीमा संलग्न हुनुहुन्थ्यो । कतै सफलता मिल्यो त कतै पीडा पनि। धेरै युवा विदेश पलायन भइरहेको अवस्थामा उहाँले आफ्नै देशमा सङ्घर्ष गरेर अरुलाई प्रेरणा दिइरहनु भयो।

शुरु (२०५५-२०६८) मा कफी खेती थियो। कफीमा राष्ट्रिय पुरस्कार नै प्राप्त गर्नुभएका उहाँको आम्दानी राम्रो भएको थियो। एक पटक डढेलोले कफी सखाप भएपछि उहाँले त्यो पेशामा त्यसै विश्राम लिनुभयो। त्यसमाथि अन्य व्यवसायीको आँखा लागेपछि पेशा परिवर्तन गरेको उहाँले सुनाउनुभयो।

त्यो बेला किसानका कफी नबिक्ने र बिके पनि उधारो जान थालेपछि उहाँले काठमाडौंमा कफी उद्योग चलाएर जापान, अष्ट्रेलिया, जर्मनीलगायत देशमा निर्यात गर्नुभयो। किसानको कफी कहिल्यै उधारो राख्नुभएन । त्यसैले किसान आकर्षित भए। त्यो देखेर अन्य व्यवसायीले रिस गर्ने गरेको उहाँ स्मरण गर्नुहुन्छ। किसानलाई पैसा नदिएर हैरान बनाएको अवस्थामा आफूले नगद दिँदा किसान औषधि खुशी हुनेगरेका उहाँ सम्झिनुहुन्छ। "अहिलेको उखु किसानको भन्दा फरक थिएन त्यो बेला कफी किसानको पीडा, तर मैले नगदमा खरिद गर्न थालेपछि अन्य व्यवसायीले पनि बाध्य भएर किसानका कफी नगदमा लिन थाले, अहिले पनि त्यो प्रचलन कायमै छ", उहाँले विगत सम्झनुभयो । उहाँ त्यो बेला आफूले कफी किसानको उद्धार गरेको जिकिर गर्नुहुन्छ।

त्यसपछि उहाँले माछा, बङ्गुर र बाख्रापालन (लोकल र जमुनापारी) शुरु गर्नुभएको थियो । बङ्गुर मात्रै डेढ सय थिए । धादिङको थोपल खोला र त्रिशूलीको दोभानमा उहाँले झण्डै २५ रोपनीमा माछापालन पनि गर्नुभयो। त्यही कफीको कमाइमा केही ऋण लिएर उहाँले झण्डै रु चार करोडको लगानीमा तीनवटा व्यवसाय थालेको सुनाउनुभयो। आम्दानी राम्रो हुँदै थियो । मध्यमाञ्चलस्तरीय राष्ट्रपति पुरस्कारसमेत लिन सफल उहाँको फष्टाउँदै गरेको व्यवसायमा नाकाबन्दी र भूकम्प अभिशाप बनेर आइपुग्यो।

"त्यो बेला खोर भत्किएर १०० बङ्गुर मरे, बाख्रा पनि मरे, पोखरी फाटेर ठूलो क्षति पुग्यो", उहाँ भन्नुहुन्छ, "झण्डै आधा लागत डुबेर बेहाल नै बनायो ।" त्यसपछि फेरि विस्थापित हुनुभयो। उहाँले हरेस खानुभएन। उहाँले फेरि केही त गर्ने पऱ्यो भनेर बोयर पालन थाल्नुभएको छ।

**बाख्रापालन र कोरोना सँगसँगै**

विश्वकर्माले जब गत साल फागुन चैत आसपास बाख्रापालनको तयारी गर्दै हुनुहुन्थ्यो नेपालमा कोरोना शुरु भयो । विसं २०७६ चैत ११ गतेबाट मुलुकमा बन्दाबन्दी शुरु भयो । उहाँले त्यसको दुई महिनापछि जेठ २७ गते धादिङको वेनिघाट रोराङ गाउँपालिका-३ खानीगाउँमा बाख्रापालन थाल्नुभयो।

उहाँले व्यवसाय शुरु गर्दा कोरोनाको सङ्क्रमणको गति बढ्दो थियो। एक मनमा उहाँलाई भूकम्पले झैं महामारीले फेरि लगानी डुबाउने त होइन भन्ने चिन्ता लागेको थियो। स्थानीयस्तरमा घाँसपात लगायो भने दाना नभए पनि पाल्न सकिन्छ भन्ने हिम्मत उहाँले राख्नुभयो । जस्तोसुकै महामारी आए पनि बाख्रापालन सफल गर्छु भन्ने आँट बोकेर उहाँले व्यवसाय थाल्नुभएको छ । दाना नपाए पनि घाँसपातले बाख्रा जोगाउने अठोट उहाँको छ। उहाँ भन्नुहुन्छ, "अब लगानी रु एक करोड पुऱ्याउँछु, अर्को वर्षदेखि खर्च थप्नुपर्दैन, बिक्री शुरु हुन्छ, अनि कमाइ हुन थाल्छ।"

खसी, बाख्रा तथा पाठापाठीको व्यावसायिक बिक्री शुरु नभए पनि मलमुत्र बिक्री भने शुरु भएको छ । मासिक रु १२ देखि १५ हजारको बिक्री हुने गरेको विश्वकर्माले सुनाउनुभयो । मलमुत्र गाउँका तरकारी किसानले खोरमै आएर लैजाने गरेका छन् । मल बोराको रु ३०० छ। पिसाब रु १० प्रतिलिटरमा बिक्री हुँदै आएको छ। बाख्रा पनि बिक्री हुन थालेपछि आम्दानी बढ्ने उहाँले सुनाउनुभयो।

**कृषकका गुनासा धेरै**

समग्र किसानका तर्फबाट उहाँले कृषि क्षेत्रमा धेरै गुनासा र समस्या रहेको सुनाउनुभयो। किसानले मल बीउ समयमा पाउँदैनन्, अनुदानका कार्यक्रम पहुँचवालाको हातमा जाने क्रम रोकिएको छैन । वास्तविक किसानले सरकारी सुविधा पाउनै गाह्रो छ। पछिल्लो समयमा सरकारले उत्पादनमा आधारित अनुदान दिने योजना अघि सार्नु राम्रो शुरुआतको संज्ञा दिँदै विश्वकर्मा त्यसलाई व्यवहारमा कार्यान्वयन गर्न अनुरोध गर्नुहुन्छ।

उहाँको एउटै भनाइ छ, "अनुदान नगदमा होइन उत्पादन हेरेर दिनुपर्छ, कुनै किसानले १०० लिटर दुध उत्पादन गर्छ भने लिटरको आधामा अनुदान दिइयोस्, मैले बाख्रापालन गर्छु भने त्यसैको आधारमा अनुदान दिनुपर्छ, दाना प्रयोग गर्ने किसान छ भने उसलाई सोही आधारमा अनुदान दिनुपर्छ, तब नेपालको कृषि क्षेत्र फष्टाउँछ।"

सबै कुरा मुलुकको मूल नीति 'राजनीति' मा गएर अड्किने उहाँको दुखेसो छ। "उखु किसानको पीडा देखाउँदै उहाँले रासायनिक मलको वर्षेनी समस्या देखिएपछि त अर्को वर्ष हल गर्नुपर्छ नि खै गरेको ?", प्रतिप्रश्न गर्नुभयो। कृषिको बजारीकरण, औद्योगिकीकरणमा पनि समस्या रहेको उहाँले सुनाउनुभयो। सस्तो भएकाले नेपालीभन्दा भारतीय उत्पादनले बजार लिइरहेको छ।

उक्त विषयमा उहाँले विगतको एउटा तितो अनुभव पनि सुनाउनुभयो । एक पटक उहाँले गाईपालन शुरु गर्ने योजना बनाउनु भएको थियो।

# औरही गापाको बजेट ३८ करोड १९ लाख

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको औरही गाउँपालिकाले आर्थिक वर्ष २०७८/०७९ को लागि ३८ करोड १९ लाख ५० हजारको अनुमानित बजेट प्रस्तुत गरेको छ ।

गाउँपालिका अध्यक्ष ब्रम्हदेव यादवको अध्यक्षतामा भएको पाँचौ गाउँसभामा अगामी आर्थिक वर्षको लागि नीति तथा कार्यक्रमसहित बजेट सार्वजनिक गरिएको हो ।



गाउँपालिका अध्यक्ष यादवले अगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्दै कोरोना महामारीले प्रभावित जनताको स्वास्थ्य सुरक्षालाई प्राथमिकतामा राखेर बजेट ल्याएको बताए ।

विश्वव्यापी कोभिड -१९ को दोस्रो लहरबाट विश्व नै अक्रान्त बनेको बेला तेस्रो लहरको समेत प्रक्षेपण गरिएकोले औरही गाउँपालिका बासीको जीउज्यानको रक्षा गर्नु प्रमुख दायित्व रहेको उनले बताए ।

उपलब्ध स्वास्थ्यकर्मी, कर्मचारी र वृद्धवृद्धाहरुको लागि कोरोना विरुद्धको खोप प्रयोगमा आइसकेको र भविष्यमा सम्पूर्णपालिका वासीहरुलाई खोपको व्यवस्था गरिने अध्यक्ष यादवले बताए ।

आवश्यक मेडिकल उपकरण र दक्ष जनशक्तिको उचित व्यवस्थापन गरी गाउँ बासीका स्वास्थ्य अवस्थामा सुधार ल्याउने विषयलाई आ.व. ०७८।०७९ मा प्राथमिकतामा राखिएको अध्यक्ष यादवले बताए ।

पालिकाको प्रमुख पेशा कृषि रहेकोले कृषिलाई सम्मानजनक पेशाको रुपमा स्थापित गर्दै कृषक लक्षित कार्यक्रमहरु समेटिएको उनले बताए । खानेपानी आपूर्ति, पर्यटकीय पूर्वाधार विकास जस्ता कार्यक्रमहरु संचालन गर्न बजेटको व्यवस्था गरिएको छ । यसै गरी सूचना प्रविधिमैत्री शैक्षिक गुणस्तर सुधार, रोजगारका अवसरको सृजना हुने दिगो, सन्तुलित एवम् समावेशी विकासका अवधारणा अनुरुपका योजनाहरुलाई समेत प्राथमिकतामा राखिएको छ ।

उपाध्यक्ष निरा देवी सहनीले स्वागत मन्तव्य राखेका गाउँसभामा वडाध्यक्ष, कार्यपालिका सदस्य, वडा सदस्य लगायत कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

# मौलापुर नगरसभाको विषयलाई लिएर झडप १७ घाइते ३७ राउण्ड हवाई फायर

**राकेश यादव**

गौर । रौतहटको मौलापुर नगरपालिकाको नगरसभाको विषयलाई लिएर बिहीबार झड्प भएको छ । पार्टीबाट निस्कासित भएका निवर्तमान संघीय सांसद प्रभु साहको प्रमुख आतिथ्यमा भएको मौलापुर नगरपालिकाको नगर अधिवेशनको विरोधमा उत्रेका स्थानीय र प्रहरी विच दोहोरो झडप भएको हो ।



नेकपा माओवादी केन्द्रबाट निर्वाचित भएका नगर प्रमुख रिना कुमारी साहले नगरपालिकामा अनियमितता गरेको भन्दै प्रतिपक्षमा रहेका ५ दलीय गठबन्धनले चर्को नारावाजी गर्दा झडप भएको छ । भिड नियन्त्रण गर्नका लागि प्रहरीले अश्रु ग्यास समेत प्रयोग गरेको छ ।

नेपाली कांग्रेस ,नेकपा एमाले माधव नेपाल पक्ष , नेकपा माओवादी केन्द्र ,जनता समाजवादी पार्टी नेपाल उपेन्द्र यादव समुह र राष्ट्रिय जनमोर्चा नेपालका समर्थक तथा स्थानीय तहमा निर्वाचित आधा दर्जन वडा अध्यक्षहरुले गएको आर्थिक वर्षको हिसाव किताव सार्वजनिक गर्नुपर्ने , अनियमिततामा संलग्न नगर प्रमुख माथि कार्यवाही गर्नु पर्ने लगायतका माग राख्दै नगर अधिवेशनको विरुद्धमा नारावाजी गर्दै प्रदर्शनमा उत्रेका थिए ।

हजारौको संख्यामा रहेका प्रदर्शनकारीहरुले मौलापुर बजारमा प्रदर्शन गरेका हुन् । विधि पुर्वक नगर सभा गर्नु पर्ने माग राख्दै प्रदर्शन गर्न खोज्दा प्रहरीले हस्तक्षेप गरेको जनता समाजवादी पार्टी नेपालका युवा नेता लखिन्द्र यादवले आरोप लगाए । शान्तिपूर्वक प्रदर्शन गर्न खोज्दा प्रहरीले हस्तक्षेप गरेको उनले भने सत्ता र पावरको दुरुपयोग गरेको मेयर साह भ्रस्टाचारी हुन् ।

प्रहरीले फायर गर्दा करिव १५ जना भन्दा बढी प्रदर्शनकारी घाइते भएको बताउदै यादवले घाइतेहरुको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भैरहेको छ भने गम्भीर रुपमा घाइते भएका केहि प्रदर्शनकारीलाई वीरगंज पठाइएको जानकारी दिए ।

५ दलीय गठवन्धनले पारदर्शी रुपमा नगर सभा हुनु पर्ने माग राख्दै केहि दिन पहिला संयुक्त रुपमा ज्ञापन पत्र बुझाएका थिए । नगर प्रमुख रिना साहले बुधवार विकास निर्माणको कार्यमा अवरोध पुर्याई रहेको भन्दै नेकपा माओवादी केन्द्रको झन्डा सहित प्रदर्शन गरेका थिए ।

प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले स्थिति नियन्त्रणमा लिनको लागि सुरक्षाकर्मीको तर्फबाट १४ राउण्ड हवाई फायर र २३ राउण्ड अश्रु ग्यास प्रहार गरिएको बताए । झडपमा २ जना सुरक्षाकर्मी सामान्य घाइते भएको उनले बताए ।

व्यापक रुपमा प्रहरी परिचालन गरिएपछि स्थिति नियन्त्रणमा आएको छ । नगर प्रमुखको विरुद्धमा ६ जना वडाध्यक्ष, कार्यपालिका सदस्य समेत रहेका छन् । पथरा बुधराम , मर्यादपुर , सोनारनियाका स्थानीयहरू नगरप्रमुख र प्रभु साहको विरुद्धमा उभिएका छन् ।

बाहिर स्थानीयहरू विच झडप भइरहदा नगर प्रमुख साहले नगर अधिवेशन सम्पन्न गरेका छन् ।

## जनकपुर–काठमाण्डुको भाडा ३५ सय !

**टुडे समाचारदाता**

जनकपुरधाम । कोरोना संक्रमण घटेपछि यात्रुबाहक सुमो जनकपुरबाट काठमाण्डु चल्न थालेको छ । तर भाडा भने चार गुणा बढी लिने गरेको यात्रुहरुले गुनासो गरेका छन् ।

रामानन्द चोकमा रहेको नेपाल माइक्रो बस काउण्टरले काठमाडौंको भाडा ३५ सय रुपैया लिने गरेको पाइएको छ । सबैला नगरपालिका घर भएका राजेन्द्र पण्डितले काठमाडौंको भाडा ३५ सय रुपैया लिएको सुनाए । उनले भने, 'काउण्टरमा बस्नेलाई भाडा धेरै भयो भनेको थिए । तर पनि कम गरेनन् । अहिले समस्या छ भन्दै ३५ सय रुपैया नै लिनुभयो ।'

जनकपुरबाट अन्य ठाउँ पुग्ने सवारीले पनि मनपरी भाडा असुल्ने गरेको छ । जनकपुरमै चल्ने सिटी रिक्साले पनि यात्रुबाट मनपरी भाडा असुल्छन् । हुन त अहिले स्थानीय प्रशासनले कोरोना संक्रमणको जोखिम कायमै रहेको भन्दै जोर गतिमा जोर र विजोर गतेमा विजोर गाडी मात्र चलाउन भनेको छ । तर प्रशासनको आदेशको पालना भएको देखिदैन ।

चार पाङ्ग्रे सवारी भाडा गर्दा पनि दोब्बर तेब्बर भाडा लिने गरेको सर्वसधारण बताउँछन् । अनुगमनको अभावमा यात्रुबाट सवारी धनी/चालकले मनपरी भाडा असुल्ने गर्छन् । यसतर्फ नियमनकारी निकायको ध्यान भने पुगेको छैन ।

# धनुषाधामको बजेट ५६ करोड ५१ लाख

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाधाम नगरपालिकाले आगामी आर्थिक वर्षका लागि ५६ करोड ५१ हजारको बजेट सार्वजनिक गरेको छ ।

विहिवार सम्पन्न आठौ नगरसभाबाट आगमी आर्थिक वर्ष २०७८/२०७९ को लागि चालु तर्फ १० करोड ४५ लाख , आर्थिक विकास तर्फ १५ करोड ७५ लाख,समाजीक विकास तर्फ ३ करोड ८८ लाख र पुर्वाधार विकास तर्फ १४ करोड गरि कुल ५६ करोड ५१ हजारको बजेट प्रस्तुत गरेका छन् ।

नगरपालिकाका प्रमुख बालेश्वर मण्डलले कृषि,शिक्षा र स्वास्थ्यलाई बजेटमा प्राथमिकता दिएको बताए । उनले यस आर्थिक वर्षको बजेटमा कोरोना भाइरसलाई मध्यनजर राख्दै स्वास्थ्यमा बढि ध्यान दिइएको तथा शिक्षा र कृषिलाई समेत ग्राहता दिइएको बताए । नगरपालिकाका प्रमुख मण्डलको अध्यक्षतामा भएको नगरसभामा नगरकी उपप्रमुख विद्यादेवी भुजेलले बजेट विवरण सुनाएकी थिइन् । धनुषाधाम नगरपालिकाले बजेटमा धनुष मन्दिर पुर्न निर्माण शुरु गर्ने भएको छ । मंसिरबाट नयाँ प्रशासनिक भवनबाट सेवा प्रवाह गर्ने नगरपालिकाले धनुषाधाम प्राथमिक स्वास्थ्य केन्द्रमा २४ घण्टा स्वास्थ्य सेवा प्रवाह हुने भएको छ ।

त्यसैगरि राष्ट्रिय फुटबल खेलकुदका खेलाडी दिनेश हेन्जनलाई धनुषाधाम नगरपालिकाको छोरो उपाधि द्वारा सम्मान गर्दै सदभावना दुत्तको रुपमा नियुक्त गरिने भएको छ ।

साउनबाट सर्पदंश उपचार केन्द्र सञ्चालन गर्ने भएको छ । साथै नगरको विकासका लागि करिब २० कि.मि. भन्दा बढी पि.सि.सि. ढलान हुने र उप-मेयर सँग आरोग्य र उप-मेयर सँग महिला लगायतका कार्यक्रमबाट सुत्केरी महिलालाई बिशेष पोषण युक्त खाद्यन्न उपलब्ध गराउने तथा नवजात शिशुलाई पोषण युक्त सामाग्री उपलब्ध गराउने भएको छ ।

साथै बजेटमा जनता उपचार कोष र नगर प्रमुख सँग जनस्वास्थ्य कार्यक्रमबाट ८ प्रकारका जटिल रोग र गरिब नागरिकलाई उपचार सहायता प्रदान गरिने विशेष योजना रहेको जनाइएको छ । नगरपालिकाले योग तथा आरोग्य केन्द्र निर्माण गर्ने,कृषकलाई पशुबिमा र कृषि बिमाका लागि सहयोग गर्ने ,उत्कृष्ट कृषकलाई प्रोत्शाहन र सम्मान गर्ने लगायतका योजनाहरु रहेको नगरपालिकाका उपमेयर भुजेलले प्रस्तुत गरेको नीति तथा बजेटमा उल्लेख रहेको छ ।

नगरसभाले आर्थिक वर्ष २०७८/२०७९ को वजेट सर्वसम्मतीले पारीत गर्दै सम्पन्न भएको छ । कार्यक्रममा नगरका सम्पुर्ण वडाध्यक्षहरुको उपस्थिती रहेको थियो ।

# औधोगिक ग्राम संचालनमा ल्याउने तयारी

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको डाक्नेश्वरी नगरपालिका वडा नं. ९ स्थित गढी पर्तिमा एक कार्यक्रम विच औधोगिक ग्रामको शिलान्यास गरिएको छ ।

करिव १० विघा २ कठ्ठा जग्गामा निर्माण हुन लागेको उक्त ग्रामको नगर प्रमुख शिवनारायण साहले भुमी पुजन गरी औधोगिक ग्रामको शिलान्यास गरेका छन् ।

औधोगिक ग्रामको शिलान्यास पश्चात नगर प्रमख साहले औधोगिक ग्राम निर्माणले यस क्षेत्रको औधोगिक विकाश र रोजगारीमा ठुलो मद्दत मिल्ने बताउदै यस्ता काममाका लागि स्वीकृति र वजेट बिनियोजन गरिदिएकोमा उधोग मंत्रालयलाई धन्यवाद समेत व्यक्त गरे ।

उधोग मंत्रालयले औधोगिक ग्राम निर्माण गर्न आ.व. ०७७/०७८ मा स्वीकृत कार्यक्रम अर्न्तगत प्रारम्भीक कार्यका लागी ९२ लाख रकम विनियोजन गरेको डाक्नेश्वरी नगरपालिकाका नि.प्रमुख प्रशासकिय अधिकृत वशन्त दासले बताए ।

औधोगिक ग्राम शिलान्यास कार्यक्रमका अवसरमा स्थानिय जनप्रतिनिधि, स्थानियवासी का साथै काँग्रेसका भागबत यादव, नगरपालिकाका स्वास्थ प्रमुख उमेश यादव, संचारकर्मी लगायत सर्वसाधारणको उल्लेख्य उपस्थिति रहेको थियो ।

# नगराईन नपाको बजेट ४७ करोड १९ लाख




**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको नगराइन नगरपालिकाले आर्थिक वर्ष २०७८/०७९ को लागि ४७ करोड १९ लाख ६७ हजार पाँच सय ३२ रुपैयाँको अनुमानित बजेट प्रस्तुत गरेको छ ।

नगराइनमा भएको नगरपालिकाको आठौं नगरसभामा आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गरिएको हो ।

नगर प्रमुख परमेश्वर यादवको अध्यक्षतामा भएको नगरसभामा उपप्रमुख रंजु कुमारी साहले आर्थिक वर्ष २०७८/०७९ को लागि ४७ करोड १९ लाख ६७ हजार पाँच सय ३२ रुपैयाँको अनुमानित बजेट प्रस्तुत गरिन् ।

बजेट प्रस्तुत गर्दै उपप्रमुख साहले आर्थिक वर्ष २०७८/०७९ को बजेटमा स्वास्थ्य क्षेत्रलाई प्राथमिताका राखेको बताइन् । लगातार दुई वर्षदेखिको कोरोना महामारीले प्रभावित बनेको यो नगरपालिकाको बासिन्दाको जीउधनको रक्षाको अनुभूति हुने योजनाहरु नीति तथा कार्यक्रममा समेटिएको नगरप्रमुख यादवले बताए ।

नगरप्रमुख यादवका अनुसार नीति तथा कार्यक्रममार्फत नगरको चौतर्फी विकासको योजनाहरु ल्याएको छ ।

स्वास्थ्य, शिक्षा, कृषि, पर्यटन, धार्मिक स्थलको स्तरोन्नती, खानेपानी, वातावरणीय प्रभावको समेत मध्यनजर गरी बजेट ल्याएको नगरप्रमुख यादवले बताए । स्वास्थ्यकर्मी, कर्मचारी र ज्येष्ठ नागरिकको लागि कोरोना विरुद्धको खोप उपलब्ध गराएको बताए । नगरबासीलाई कोरोना विरुद्धको खोप सुनिश्चित गर्ने योजना रहेको उनले बताए ।

आवश्यक मेडिकल उपकरण र दक्ष जनशक्तिको उचित व्यवस्थापन गरी गाउँ बासीका स्वास्थ्य अवस्थामा सुधार ल्याउने विषयलाई आ.व. ०७८।०७९ मा प्राथमिकतामा राखिएको अध्यक्ष यादवले बताए ।

संघीय सरकारले तोकेको समयसीमा भित्रै नगरसभा सम्पन्न गर्न नगराइन नगरपालिकाका जनप्रतिनिधिहरुले सहयोग गरेका छन् ।

९ वटा वडा रहेको नगरपालिकाका वडाध्यक्ष, कार्यपालिका सदस्य एवम् प्रवक्ता सुर्यनारायण साह लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

नगरसभामा प्रमुख प्रशासकीय अधिकृत राजकुमार केसी लगायत कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

# सम्सीको बजेटमा स्वास्थ्य र कृषिलाई प्राथमिकता

**टुडे समाचारदाता**

बर्दिबास । सम्सी गाउँपालिकाले ३६ करोड ३ लाख ९८ हजार बजेट सार्वजनिक गरेको छ । कोभिड-१९ को महामारी नियन्त्रण, स्वास्थ्य सेवा विस्तार, कृषकलाई कृषिमा आत्म निर्भर, खानेपानी आपूर्तिका कार्यक्रम, पर्यटकीय पूर्वाधार विकास, सूचना प्रविधि मैत्री शैक्षिक गुणस्तर सुधार, रोजगारका अवसरको सृजना हुने दिगो, सन्तुलित एवम् समावेशी विकासका अवधारणा बजेटको प्राथमिकतामा राखिएको छ ।

बिहीबार गाउँसभामा अध्यक्ष शेष फारुखले बजेट प्रस्तुत गर्दै आर्थिक वर्ष २०७८/७९ का लागि संघीय सरकारबाट बित्तिय समानिकरण अनुदान ११ करोड तथा राजश्व वाडफाडबाट ६ करोड ९० लाख ०३ हजार, सशर्त अनुदान ११ करोड ३७ लाख, प्रदेश सरकारबाट बित्तिय समानिकरन ७५ लाख ७५ हजार तथा सशर्त अनुदान ८० लाख, विशेष अनुदान ३० लाख, समपुरक अनुदान २० लाख, राजश्व वाँडफाड ३० लाख, आन्तरिक श्रोत ३४ लाख २० हजार र गत वर्षको मौज्दात अल्या ४ करोड ७ लाख गरी कूल ३६ करोड ३ लाख ९८ हजार रुपैयाको बजेट सार्वजनिक गरेको छ ।




पालिकाबासीका जिउ ज्यानको संरक्षण गर्नु गाउँपालिकाको प्रमुख दायित्व रहेको जनाउदै सम्सी गाउपालिकाले कोभिड-१९ को महामा महामारी नियन्त्रण प्राथमिकतामा राखेर बजेट ल्याएको अध्यक्ष फारुखले बताए । नेपाल सरकारबाट प्राप्त स्वास्थ्यकर्मी, कर्मचारी र वृद्धवृद्धाहरुको लागि कोरोना विरुद्धको खोप प्रयोगमा आइसकेको र भविष्यमा सम्पूर्ण पालिका वासीहरुलाई खोपको व्यवस्था गरिने, मेडिकल उपकरण र दक्ष जनशक्तिको उचित व्यवस्थापन गर्ने भएको छ ।

प्राथमिक स्वास्थ्य केन्द्र सम्सीलाई स्तरोन्नती गरी २४ सै घण्टा आधारभूत र आपत्कालीन सेवा प्रदान गर्ने र स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य सेवा केन्द्रबाट प्रदान हुने सेवाको दायरा बढाउने नीति सम्सी गाउँपालिकाले लिएको छ ।

गाउँपालिकाको प्रमुख पेशा कृषि नै रहेको हुँदा कृषि पेशालाई सम्मानजनक पेशाको रुपमा स्थापित गर्न 'समृद्ध सम्सीको आधार, पशुपालन र अन्नवालीको भण्डार' नारालाई निरन्तरता दिदै आयआर्जनको दरिलो माध्यम बनाउन कृषि उत्पादन तथा उत्पादकत्व कृषियोग्य भुमिमा साना सिचाईं योजनाहरु संचालन गरी व्यवसायिक कृषि खेती तथा पशुपालन, दुग्ध संकलन केन्द्र र अत्याधुनिक कृषि बजारको निमार्ण आदि सहित समग्र कृषि विकासका कार्यक्रम समेटिने नीति सम्सी गाउँपालिकाले लिएको छ ।

# सहयोगीको भूमिका निर्वाह गर्ने युवा सम्मानित

जलेश्वर । कोराना भाइरस सङ्क्रमण रोकथाम तथा नियन्त्रणको कार्यमा सहयोगीको भूमिका निर्वाह गर्ने युवालाई सम्मान गरिएको छ ।

महोत्तरीको जलेश्वर नगरपालिका–२ का वडाध्यक्ष बरुणकुमार दाहालले कोभिड–१९ महामारीका बेला खान बस्नलगायत समस्या भएकाहरुलाई सहयोग गरेकाले यहाँका १३ युवालाई आज सम्मान गर्नुभएको हो । युवाको सो समूहले कोरोना महामारी नियन्त्रण र व्यवस्थापन समिति बनाएर जलेश्वर अस्पतालमा उपचारका लागि आउने कोरोना भाइरस सङ्क्रमित बिरामी, त्यसका कुरुवा, उपचारमा संलग्न चिकित्सक र स्वास्थ्यकर्मीलाई १६ दिनसम्म दुबै छाक खाना खुवाएका थिए ।

यसैगरी सो समूहले बाटोघाटो, मन्दिर, पाटीपौवामा बेवारिसे जीवन विताइरहेका, अति गरिब, विपन्न रिक्सा तथा ठेला चालकलगायतका व्यक्तिलाई पनि उक्त अवधिमा खाना खुवाउनुका साथै राहत प्रदान गरिएको थियो । त्यस्तै सो समूहले निषेधाज्ञाको अवधिमा रोजगारी गुमाएका गरिब, विपन्न नागरिकलाई जिल्लाको विभिन्न स्थानमा पुगेर राहत प्रदान गरेको थियो । युवाको सो समूहले दाताहरुबाट रु. १ लाख ३० हजार सहयोग सङ्कलन गरेर कोरोना महामारीमा समस्यामा परेकालाई सहयोग गरेका छन् ।रासस

स्वास्थ्य नै ठुलो धर्म हो ।
कोभिड-१९ को संक्रमणबाट आफु बचौं र अरुलाई पनि बचाऔं,
विदेशबाट फर्किएकाहरुलाई दुर्व्यावहार नगरौं ।

- कोभिड-१९ रोग जो कसैलाई पनि हुन सक्दछ, संक्रमणको आशंकामा सामाजिक विभेद नगरौं ।
- आपसमा भाइचारना कायम राखौं, यस महामारीबाट बच्न सरकार र समुदाय मिलेर अघि बढौं ।
- महामारीको समयमा आपतकालिन सम्पर्क नम्बरहरु जानकारीमा राखौं ।
- कोभिड-१९ संक्रमितहरुलाई राख्ने क्वारेन्टाइन तथा आइसोलेसनको बारेमा जानकारी राखौं ।
- मनोबल उच्च राख्ने, सतर्कता अपनाउने र स्वास्थ्य सुरक्षाका मापदण्ड सम्बन्धी सूचना सम्प्रेषण गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

केयर मेडिकल सेन्टर (नर्सिङ्ग होम)
बागवानीको सामुने, जनकपुरधाम
सम्पर्क नं. ०४१-५२०२३०, ५२३८६४

विगत १४ वर्षदेखि गुणस्तरीय स्वास्थ्य सेवा दिदै आइरहेको यस अस्पतालमा २४ घण्टा इमरजेन्सी सेवा साथै ओपीडी सेवा समेत संचालन भइरहेको जानकारी गराउन चाहन्छौ ।

१. डा. आर.एन. झा (बिहान ९ देखि ११ बजेसम्म)
२. डा. जयकुमार मण्डल
३. डा. दिपक कुमार गुप्ता
४. डा. कृष्णा यादव
५. डा.राजकिशोर पण्डित (दिउँसो ३ देखि ५ बजेसम्म)
६. डा. विपिन यादव
७. डा. संजित झा (दिउँसो २ देखि ५ बजेसम्म)

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com,todayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८